*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३६
इस्वी सम्बत् २०१६
बिक्रम सम्बत् २०७३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**14th NOVEMBER 2016**

| वर्ष- ३४ | अङ्क- ७ | सकिमना पुन्हि | कार्तिक २०७३ |
|---|---|---|---|





संसारमा आमा बुबाको सेवा गर्नु सुख हो। श्रमण भाव पनि सुख हो र पाप रहित भई ब्राह्मणभावमा रहनु भन् सुख हो।

बुढेश कालसम्म शील पालन गर्नु सुख हो, श्रद्धावान् हुनु सुख हो, प्रज्ञा ज्ञान लाभ गर्नु सुख हो, पाप नगर्नु सुख हो।

यो चित्त पहिला आफ्नो इच्छा मुताबिक जहाँ मन लाग्यो त्यहिं जान्थ्यो अब मैले यसलाई माहुतेले हात्तीलाई दमन गरे झैं दमन गर्नेछु।

(होशियार) अप्रमादी हुनुमा मन लगाऊ आफ्नो चित्तको रखवारी गर, आफूलाई राग, द्वेष र मोह जस्तो दुषित भावनाको राग, द्वेष र मोह जस्तो दुषित भावनाको (धाप) दलदलबाट निकाल।


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# अध्रुवं मे जीवितं ध्रुवं मे मरणं

६ वर्ष सम्मको कठोर तपस्या पश्चात् बुद्ध पूर्णिमाको पावन दिनमा बुद्ध गयामा सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गरी भगवान बुद्ध बन्न सफल हुनुभयो। उहाँले यस संसारको सत्य तथ्य त्रिलक्षण स्वभाव धर्म (अनित्य, दुःख र अनात्म) लाई अनुसन्धान द्वारा पत्ता लगाउनुभयो।

त्यसैले भगवान बुद्ध भन्नुहुन्छ –

**"अध्रुवं मे जीवितं ध्रुवं मे मरणं"**

अर्थात् संसारमा बाँचिरहन पाउनु अनित्य र अनिश्चित छ भने एकदिन मर्नुपर्ने नित्य र निश्चित छ।

संसारमा रहेका जीवित प्राणीहरू र निर्जीव वस्तुहरू सबै अनित्य छन्। प्रकृतिको यस नियमलाई जसले भित्री हृदयले बुझेर स्वीकार्न सक्दछ, होशियारीपूर्वक यसलाई आफ्नो जीवनमा अभ्यास गर्न सक्दछ, उसले नक्कलि भौतिक सुखको लोभ लालच, रीस राग, मोह र अहंकार जस्ता दूषित भावनालाई त्यागी शुद्ध र पवित्र मन उत्पन्न गर्ने प्रेरणा प्राप्त गर्नेछ।

तर जसले यसलाई विर्सन पुग्दछ, उनले आफू सधैं यस संसारमा रहन पाउने भ्रममा परी कलुषित भावनाले ग्रसित बन्दै भौतिक सुख सम्पत्ति र मानपदवी बटुल्ने लोभमा फस्न बेर लगाउदैन। धेरैजसो यस्ता व्यक्तिहरूले यसलाई मरण पछि पनि आफ्नो साथमा लान पाइने भ्रममा परी मूर्ख बन्न पुग्छन्।

आज संसारमा जति पनि आपराधिक कुकार्यहरू एवं घीनलाग्दा राजनैतिक खेलमा विकृतिपूर्ण कार्यहरू हुन गइरहेकाछन्, ती सबैको कारण प्रकृतिको सक्कलि स्वभावलाई बुझ्न नसक्नाले हो।

जब होश खुल्छ, तब आफ्नो बाँच्ने म्याद सकिसकेको हुन्छ। सर्पको मुखमा परिसकेको भ्यागुताले बेहोशी बनी आफ्नो वरिपरि उडिरहेका कीरा फट्याङ्ग्राहरू खानको लागि मुख खोल्दै ट्वार, ट्वार कराएर बस्नुमा नै रमाइरहे जस्तै।

त्यसैले हामीलाई होश दिलाउनको लागि भगवान् बुद्धले भन्नु भएको छ।

**जरा धम्मोम्हि जरं अनतीतोति**
**ब्याधि धम्मोम्हि मरण धम्मोम्हि**
**मरणं अनतीतोति, अभिण्हं पच्चवेक्खितब्बं**
**इत्थि वा पुरिसेनवा गहट्ठेन वा पब्बजितेन वा**

अर्थात्– संसारमा जन्मेका जो कोही व्यक्तिले पनि बूढो हुनुपर्ने, रोगी (विरामी) हुनुपर्ने र मृत्यु हुनुपर्ने प्राकृतिक नियमलाई स्वीकार्न बाध्य छ। प्राकृतिक नियमको अगाडि कसैको केही लाग्दैन। गृहस्थ महिला पुरूषले मात्र होइन प्रव्रजित व्यक्तिहरू समेत सबैले यस नियमलाई दिनहुँ सम्झनु उत्तम हुनेछ।

यी चिरस्मरणिय स्वभाव धर्म हो।

यसरी नै भगवान् बुद्ध फेरि भन्नुहुन्छ –

**परिजिण्णमिदं रूपं रोग निड्ढं पभङ्गुरं**
**भिज्जति पूतिसन्देहो मरनन्तंहि जीवितं**

अर्थात्– जीर्ण भएर जाने यो शरीर, रोगको घर भइरहेको यो शरीर, कुहिएर भग्न भएर जाने यो शरीर, बाँचिरहेका सबैले एकदिन मरण पछि अन्त्य हुनुपर्नेछ। माथि उल्लेखित बुद्ध वचनले हामीलाई सदा सजग बन्न र बेहोशी नहुनको लागि यसरी सन्देश दिइरहेको छ।

हामी अस्थीर र अनित्य भएको कारणले जति जति उमेर ढल्कंदै जान्छ, शरीरका हरेक अंग प्रत्यंग कमजोर बन्दै जान्छ। आँखाले देख्न सक्ने शक्ति गुमाउँदै जान्छ भने कानले सुन्ने शक्ति गुमाउन पुग्छ। खुट्टा लुलो र कमजोर भई लौरो टेक्नुपर्ने अवस्था आइपर्छ। दाँत झर्दै जान्छ भने आफ्नो शीरको रहर लाग्दो कालो, बाक्लो र चम्किलो केश फुल्दै सेतो र फुस्रो हुँदै झर्न थाल्छन्। हृष्ट पुष्ट अनुहार को छाला चाउरी पर्दै जान्छ। त्यतिमात्र होइन कतिपय मानिसहरूले आफ्नो स्मरण शक्ति गुमाई सुद्धि बुद्धि हराउँदै असाधारण व्यवहार प्रकट गरिरहेका हुन्छन्। यस्तो दयनिय अवस्थामा पुगिसकेका बृद्ध वृद्धाहरूलाई आफ्नै सन्तानले समेत हेलाको दृष्टिले हेर्ने गरेको घटनाहरू हामीले देख्न र सुन्न परिरहेको छ। अनन्त गुणले सम्पन्न आफ्ना वृद्ध, वृद्धा बुवा आमालाई बोझ ठानी वृद्धाश्रममा सुम्पेर सन्तोषको श्वास फेर्ने गरेका बैगुणी एवं कर्त्तव्यहीन सन्तानहरूलाई पनि हामीले देखिरहेका छौं। समाजमा



Downloaded from http://www.dhamma.digital

आइरहेका यस्ता विकृतिहरूले भनिरहेको छ –

धेरैजसो मानिसले अनित्यरूपी प्रकृतिको नियमले आफूलाई पनि जकडिरहेको महशूस गर्न सकिरहेका छैनन् ।

आफू पनि एकदिन यसरी नै जर्जर अवस्थामा पुग्नेछ सबैबाट अपहेलित र उपेक्षित बन्नुपर्ने अवस्था आउनेछ भन्ने कुरालाई बिर्सिरहेको देखिन्छ ।

यस जीवनमा हामीले कतिपय रोगको पनि सामना गरिरहनु परेको हुन्छ । सम्पत्ति र परिवारले सम्पन्न भइरहे पनि रोगले सताउने अवस्थामा भौतिक सुख र विलासी जीवन नर्क तुल्य हुन पुग्छ । यस्तो अवस्थामा विरामी आफैलाई मात्र होइन परिवारलाई समेत दुःख हुन थाल्छ । यस्तो दुःखद समस्या कसैलाई मन पर्दैन । तर आफूले चाहे जस्तो हुन सक्दैन ।

यस संसारमा अरू सबै अनिश्चित भएपनि मृत्यु हुनुपर्ने निश्चित छ। लाखौंको श्री सम्पत्ति भएपनि एकदिन त्यसलाई छोडेर जानै पर्छ । कुनबेला श्वास बन्द हुन्छ, कसलाई के थाहा ? यो हाम्रो बसमा छैन । बलिरहेको एउटा दीयो कुनबेला निभ्छ के थाहा ? एकैचोटी हावाको झोंका आएर पनि निभ्न सक्छ, दीयोमा रहेको घ्यू र लट्टा सकेर पनि निभ्न सक्छ ।

त्यसरी नै हामी पनि अचानक कुनै दुर्घटनामा परेर पनि मर्न सक्छौ । हामीले सञ्चय गरिराखेको आयु र कर्म सिद्धिने वित्तिकै पनि मर्न सक्छौं । हाम्रो जीवनको कुनै ठेगान छैन । त्यसैले हामीले यस छोटो जीवनमा वेकारको अहंकार लोभ लालचपूर्ण एवं जालसाजी पूर्ण कार्य गरी धन कमाउने वानी व्यवहार त्यागी एक इमान्दार, कर्त्तव्यपरायण, निष्कपट एवं निर्दोषपूर्ण जीवन विताउन र यस दुर्लभ मनुष्य जीवन सार्थक बनाउन भगवान बुद्धले दिनुभएको सल्लाह लाई गहिरिएर बुझ्न परेको छ । यसलाई अभ्यास गरी भाग्यमानी बन्नु परेको छ ।

## मेत्ता सेन्टर (मैत्री केन्द्र) बालआश्रमको १६ औं वार्षिक सम्पन्न भयो

*२०७३ भाद्र २५ गते ।*

*स्थान- बनेपा ध्यानकुटी, मैत्री केन्द्र बाल आश्रम*

श्रीलंकाका महामहीम राजदूत W.S. Perera ज्यूको प्रमुख आतिथ्यमा तथा जिल्ला बालकल्याण समिति काभ्रेका अध्यक्ष रामकुमार मुल्मीज्यूको आतिथ्यमा मैत्री केन्द्र बाल आश्रमका संरक्षक भिक्षु अश्वघोष महास्थविरज्यूको सभापतित्वमा मेत्ता सेन्टर बाल आश्रमको १६ औं वार्षिक उत्सव सम्पन्न भयो। उक्त उत्सवमा उपस्थित हुनु भई सहयोग गर्नु भएका आजीवन वार्षिक भोजन दाता, आजीवन सदस्य, सहयोगी संघ संस्था एवं सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यबाद व्यक्त गर्दछौं ।

**मेत्ता सेन्टर (मैत्री केन्द्र) परिवार**
**ध्यानकुटी विहार, बनेपा ।**

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) भिक्षु अश्वघोष महास्थविर, ध्यानकुटी विहार, बनेपाबाट – रु. १०,०००/-
२) निर्मला मानन्धर, असन, कमलाक्षीबाट – रु. ३,०००/-
३) रबिन्द्र-कल्पना ताम्राकर, ताहाचल–रु. २५००/-
४) सुनिल-करुणा स्थापित, नयाँ सडक–रु. २०००/-
५) नरेश-वुली तुलाधर, गणबहाल–रु. २०००/-
६) साहित्य रत्न तुलाधर, असन, कमलादी – रु. २,०००/-
७) प्रसन्नवती गुरुमां, शाक्यमुनी कीर्ति विहार, सतुंगल – रु. १,०००/-
८) पदुमा गुरुमां, शाक्यमुनी कीर्ति विहार, सतुंगल – रु. १,०००/-
९) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि – रु. १,०००/-
१०) राकेश शाक्य, बनेपा – रु. ५००/-
११) बुध्द भक्त रंजित, बनेपा – रु. ५००/-
१२) प्रेमज्योती शाक्य, बनेपा – रु. ५००/-
१३) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
१४) ध्यानकुटी विहारको कथिन उत्सवमा मेत्ता सेन्टरको भान्छा कोठा निर्माणको लागि प्राप्त रु. ३५,०००/-

**आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१५) Mr. Gunter Raabe, Stadthagen, Germany, On his Birth Day – Rs. 20,000/-



Downloaded from http://www.dhamma.digital

# अग्रश्राविका सोणा

( प्रयत्नशीलमा अग्र )

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

**"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं आरद्धवीरियानं यदिदं सोणा ।"**

"भिक्षुहरू, मेरी भिक्षुणी– श्राविकाहरू मध्ये अत्यधिक प्रयत्नशील श्राविकामा भिक्षुणी सोणा अग्र छिन् ।"

हजारौं कल्प अघि लोकमा भगवान् पदुमुत्तर बुद्ध उत्पन्न भएको थियो त्यसै समय सोणाको जन्म एउटा श्रेष्ठी परिवारमा भएको थियो । उनलाई धर्ममा अधिक रूची थियो । श्रेष्ठी पुत्री सोणा धर्म-देशना सुन्न जाने गर्थी । एक दिन भगवान् द्वारा आफ्नी एक भिक्षुणीलाई प्रयत्नशीलमा अग्रको उपाधि प्रदान गरेको देखेर उनलाई पनि त्यस्तै स्थान प्राप्त गर्ने इच्छा जाग्यो । उनले भगवान् समक्ष आफ्नो इच्छा ब्यक्त गरिन् । सोणाको पूर्व जन्मको पारमितालाई हेरेर भगवान् पदुमुत्तरले भविष्यवाणी गर्नु भयो कि– "आज भन्दा एकलाख कल्पपछि लोकमा गौतम नामको बुद्ध उत्पन्न हुनेछ । उहाँको समयमा आरद्धवीर्य (अत्यधिक प्रयत्नशील) श्राविकाहरू मध्ये अग्र हुनेछौ ।"

यसरी सोणाले अनेक जन्ममा पारमिताहरू सङ्कलन गर्दै-गर्दै भगवान् गौतमको समयमा भगवान् पदुमुत्तर बुद्धको भविष्यवाणी पूरा गरिन् ।

भगवान् गौतम बुद्धको समयमा श्रावस्तीको एउटा प्रतिष्ठित श्रेष्ठी-कुलमा सोणाको जन्म भयो । किशोरी भएपछि उनको विवाह भयो । पतिको घरमा रहँदै उनले दशजना छोराहरू जन्माए । यसरी धेरै छोराहरू भएको कारण उनलाई बहुपुत्रिका (धेरै छोरा भएकी) भनिन थाल्यो । पतिकी प्रिय पत्नी थिइन् । सन्तानहरू सबैबाट उत्तिकै सन्मानित थिइन् । छोराहरू हुर्काए र किशोर भएपछि समयमा सबैको विवाह गरिदिए । आफ्नो कर्तब्य पूरा भए पछि उनको पति प्रव्रजित भए ।

आफ्नो लोग्ने प्रव्रजित भएपछि सोणाले आफ्ना छोराहरूलाई क्रमशः एउटा-एउटा घरको ब्यवस्था गरिदिए । आफ्नो सारा धन-सम्पत्ति सबैलाई बराबर भागमा बाँडिदिए । विस्तारै छोराहरू आ-आफ्नो परिवारमा भूल्न थाले । सोणाको हेरविचार सन्मानमा कमी देखिन थाल्यो । अब आफ्नी आमाको लागि कसैसंग समय रहेन । हुँदा-हुँदा भेटे पनि आमा भनेर बोल्न पनि छाडे । सोणाको लागि यस्तो अनादर र अगौरव असहय हुन थाल्यो । तब उनले जहाँ पति गयो त्यहाँ आफू पनि जाने इच्छा गरिन् । यस्तो घरमा रहेर के गरूँ भन्ने सोचिन् । तब बहुपुत्रिका सोणाले बृद्धा अवस्थामा प्रव्रजित हुने निर्णय लिइन् ।

विहारमा गएर प्रव्रज्याका लागि प्रार्थना गरिन् । भिक्षुणीहरूले प्रव्रज्या गरिदिए । बूढी भएपछि प्रव्रजित भएकीले अन्य भिक्षुणीहरू उनलाई गिज्याउने गर्थे कि "बूढी भएपछि प्रव्रजित भइन् । राम्ररी धर्म ग्रहण गर्न सक्ने पनि होइन, राम्ररी शिक्षा पाउने पनि होइन, आदि आदि । सोणालाई यसरी गिज्याएको देखेर छोरा-बुहारी दङ्ग हुन्थे, ब्यङ्ग गर्दथे । यस्तो देखेर सोणाको मनमा पनि धर्म संवेग जाग्यो । उनले सोचिन् कि– "आफ्नो गति सुधार्नु त आफ्नो हातमा छ । "तब दृढ निश्चय गरेर आफ्नो काममा लागिन् । उठेर, बसेर, हिँडेर हर अवस्थामा आफ्नो शरीरको बत्तीस् कोठासको बारेमा ध्यान दिइन् ।

बृद्धाअवस्थामा घर गृहस्थ त्यागेको कारण सोणालाई अत्यन्त मिहेनत गर्नु पर्‍यो । उनी रात-रात भर ध्यानमा जुटिन्थिन् । राती ननिदाउन खम्बा पक्रेर रहन्थिन् । रातभर साधनामा जुटिरहन्थिन् । कहिले काहीँ कुनै रूखको सहारामा उठेर ध्यान गर्थिन् ता कि चंक्रमण गर्दा कुनै रूखमा नठोकियोस् । अन्य भिक्षुणीहरू भने सँधै उनलाई हेप्ने-जिस्काउने र उनलाई काम अह्राउने गर्दथे । एकदिन भिक्षुणीहरूले नुहाउन पानी तताउन सोणालाई अह्राए । उनी पानी तताउन अग्नि शालामा गईन् । आफ्ना पाईला-पाईलामा ध्यान राख्दै हिँडिरहेकी थिइन् । यस्तो दृढतापूर्वक अभ्यासमा लागिरहेकी भिक्षुणी सोणा दिखेर भगवान्ले गन्धकुटीबाट नै एउटा गाथा भन्नुभयो –

**यो चे वस्स्सतं जीवे, अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं ॥**

उत्तम धर्म अर्थात् नवविध लोकोत्तर धर्म-चारमार्ग,



Downloaded from http://www.dhamma.digital

चार फल र निर्वाण साक्षात्कार नगरेको व्यक्ति सयवर्ष बाँच्नु भन्दा उत्तम धर्म साक्षात्कार गरेको व्यक्ति एकदिन बाँच्नु श्रेष्ठ छ ।

यस गाथाको अन्तसम्म पुग्दा भिक्षुणी सोणा अर्हन्त भइन् । सोणाले पानी तताउन चुल्होमा पानी बसालि सकेकि थिइन् तर आगो सल्काउन पाएकी थिइनन् । भिक्षुणीहरू पानी लिन आइपुगे तर आगो नबालेको देखेर कराउन थाले कि, "यस बुढी आईमाईलाई पानी तताउन भनेका थियौं तर अहिलेसम्म आगो सल्काएकि पनि छैन ।"

यस्तो सुनेर विनम्र स्वरमा सोणाले भनिन्, "यदि तपाईंहरूलाई तातो पानी चाहिन्छ भने यस भाँडोबाट लिएर नुहाउनुहोस् ।"

तब उनीहरूले भाँडोमा हात चोपेर हेरे, पानी तातो थियो । पानी निकाल्न थाले, जति पानी निकाल्यो त्यति नै भरिन्थ्यो । यस्तो देखेर भिक्षुणी सोणा अर्हन्त भएको थाहापाए । तब उनीहरूलाई झटका लाग्यो । तब सबैले बूढी तर आफूहरूभन्दा कान्छी भिक्षुणीलाई पञ्चाङ्ग प्रणाम गरेर क्षमा मागे । तब उनलाई भगवान्ले प्रयत्नशील श्राविकाहरूमा अग्रको उपाधि प्रदान गर्नुभयो ।

एकदिन साधनाको अभ्यास गर्दा-गर्दै सोणाको मुखबाट उदानका गाथाहरू निस्के :

**दस पुत्ते विजायित्वा, अस्मिं रूपसमुस्सये ।**
**ततोहं दुब्बला जिण्णा, भिक्खुनिं उपसङ्कमिं ॥**

पाँचस्कन्ध जोडिएको यस शरीरबाट मैले दश जना छोराहरूलाई जन्म दिएँ । फेरि दुर्बल र बूढी भएपछि म एकजना भिक्षुणीसंग भेट्न गएँ ।

**सा मे धम्ममदेसेसि, खन्धायतनधातुयो ।**
**तस्सा धम्मं सुणित्वान, केसे छेत्वान पब्बजिं ॥**

उहाँले मलाई स्कन्ध, आयतन र धातुहरूको उपदेश दिनुभयो । उहाँको उपदेश सुनेपछि म आफ्नो केश कटाई प्रव्रजित भएँ ।

**तस्सा मे सिक्खमानाय, दिब्बचक्खु विसोधितं ।**
**पुब्बेनिवासं जानामि, यत्थ मे वुसितं पुरे ॥**

उहाँको शिष्य भएर साधनामा जुटिरहें र विशोधित दिव्यचक्षु प्राप्त गरें । आज पहिला कहाँ-कहाँ जन्में भन्ने सम्झन सक्छु ।

**अनिमित्तञ्च भावेमि, एकग्गा सुसमाहिता ।**
**अनन्तराविमोक्खासिं, अनुपादाय निब्बुता ॥**

अब म एकाग्र र सुसमाधिस्थ भएर अनिमित्त (ध्यान) को ध्यान गर्दछु । संसारको अनित्य दुःख, अनात्मलाई हेरेर मैले निर्वाणलाई प्राप्त गरि विमोक्ष सुखमा प्रवेश गरें ।

**पञ्चक्खन्धा परिञ्ञाता, तिट्ठन्ति छिन्नमूलका ।**
**धितवत्थु जरे जम्मे, नत्थि दानि पुनब्भवो"ति ॥**

पञ्चस्कन्धलाई जानेर त्यसलाई निर्मूल गरें । अब कुनै सांसारिक वस्तुको कामना छैन । अब मेरो पुनर्जन्म हुनेछैन ।

*– खुद्दकनिकाय थेरीगाथा (१०२-१०६), सोणाथेरीगाथा ।*

*(साभार- 'विपश्यना' २०७२ फागुन, वर्ष-३२, अङ्क-११)*

# इन्द्रया सन्देश

**– भिक्षु उपतिस्स**

हे, मनू ! छाय् छ अत्तेरी,
मोजं च्वना नं असन्तुष्ट छाय् ?
माःगु बी धुन दक्व पुरे. याना,
आः नं छं 'जित गात' मधाः ।

ल्हा निपां मस्त प्वः चिना,
ततः सलं धाल अधिकार !
बिना कर्तब्य खँ जक ल्हाना,
गबले जुल छ सुधार ?

कर्तब्य परायण दयालुपिन्त,
सिर्जना यात छं अवरोध !
गतिशील जुयाच्वंगु यात,
खब यात, नुगः मुयाः गतिरोध !

सोजा सीधा साधु सन्तपिन्त,
धों ल्हाइम्ह छ विद्वत्ता केना !
दया धर्म करूणा गुण लोमना,
स्वार्थहेतु अपार परपीडना !



Downloaded from http://www.dhamma.digital

# ज्ञानको उत्पत्ति प्रेमबाट हुन्छ

✍ सुमनशोभा कन्दङ्वा

मित्रदृष्टि र द्वेषदृष्टिले संसारलाई हेरिन्छ। "मित्रस्य चक्षुमा समीक्षामहे" अर्थात सबैलाई मित्रका दृष्टिबाट हेरौं। यो युगौं युगदेखि अनुभव गरी व्यवहारमा लागु हुँदै आएको शाश्वत वाणी हो। जति मात्रामा एकले अर्कामा प्रेम गर्दछ भने त्यति नै मात्रामा घनिष्ठता बढाउँछ। त्यस्तै जति मात्रामा द्वेष राखिन्छ, त्यति नै विघटन र विखण्डन हुन्छ। आपसी कलहले दुःख र द्वन्द्व बढाउँछ। त्यसैले एक आपसमा चित्त नबुझेका विषयमा छलफल हुनु, वार्ता गर्नु, संझौता गर्नु र मेलमिलापको वातावरण बनाई मिल्नु नै प्रेम हो र मिलाप नै आनन्द हो। यहाँ कोही पनि पराई वा सत्रु भन्ने छैनन्। जो कोही जति छन्, मित्र छन् तसर्थ प्रेमले मित्रता बढाउँदछ। मित्रताले विश्वास बढाउँदछ। मित्रताको सुकुमार हात अघि बढाएमा सत्रुता त बढ्दैन नै, प्रेम शब्दमा निहित सुगन्ध अन्य कुनै शब्दकोष अथवा अर्थमा नहोला र यो अहिंसाको सौम्य धरातलमा फुल्ने र फर्कने गर्दछ। हिंसा ठूलो पनि हुन्छ भने सूक्ष्म पनि हुन्छ। कटुभाषा र गाली-गलौज पनि हिंसाकै परिवर्तित रूप हो। तसर्थ स्वच्छ विचार आत्मिय भावना र मिठो वचन जीवनमा नितान्त आवश्यक हुन्छ। त्यसैले मन, वचन र कर्मले व्यक्ति शुद्ध हुनुपर्दछ तव मात्र मित्रताको भागीदार अथवा हकदार हुनेछ।

इसाईहरूमा वेस्लियम मेथडिस्ट सम्प्रदायका संस्थापक जाने वेस्लीले भनेका छन्– "पाउ बराबरको प्रेम धार्नीभरको ज्ञानभन्दा राम्रो हुन्छ"। साँच्चै नै भन्नु पर्दा प्रेम ज्ञानभन्दा सुन्दर हुन्छ, तसर्थ प्रेम स्वयं ज्ञान हो, साँचो ज्ञानको मुहान नै प्रेम हो। महान सन्त ग्रेग्रोरीले भनेका छन्– "सबै ज्ञानको उत्पत्ति प्रेमबाट हुन्छ"। अर्का दार्शनिक कवि गेटेले भनेका छन्– "जीवनभरको परिश्रमबाट जुन काम बडो कठिनाइले सफल हुन्छ, त्यही काम प्रेमले क्षणभरमा नै सम्पन्न गर्दछ"। यसरी हेर्दा मित्रताको आँखा नै प्रेमको आँखा हो अमित्रताको आँखा द्वेषको आँखा हो। प्रेमले स्वर्गको निर्माण र आनन्दको अनुभूति गराउँछ भने द्वेषले नर्क र बिध्वंसको बोध गराउँदछ। एकले अर्कालाई गर्ने दुर्व्यवहार, दुर्वचन र अहंकारलाई अहिलेसम्म पनि नर्कको संज्ञा दिईन्छ। जबसम्म पनि नर्कको संज्ञा दिईन्छ। जब सम्म जो कोहीले प्रेम नै जीवन पथ हो र प्रेम नै गन्तव्य हो भनी आफूलाई चेतनशील प्राणीको श्रेणीमा ग्रहण गर्दैन तवसम्म पशुतुल्य हुन्छ।

जुन बेला ईसा मसिहाले भन्नुभयो- "आफ्ना सत्रुलाई प्रेम गर" त्यसबेलाको संसार हाँस्यो र उहाँको भनाई अस्वीकार गरी कसैले पनि सत्रुलाई प्रेम गर्ने कुरा बिश्वास गरेनन्। अक्रोधबाट क्रोधमाथि विजय प्राप्त गर अर्थात् "अक्रोधेन जयेत् क्रोधम्" भन्ने बुद्धको भनाईलाई त्यतिबेलाका आस्थाहीन मानिसहरूले उपहास गरे। यसबाट यो बुझ्न सकिन्छ की अबुझ, असभ्य मानिसहरू जीवन शक्तिलाई स्वीकार गर्न सक्दैनन्। आजको एक्काईसौं शताब्दीमा पनि प्रेम, दया, अहिंसा एवं जीवन मैत्रीका कुरा उत्तिकै महत्व छ। यी आवाजहरू उठ्दा मानिसहरू यसलाई ढोंगी र फोस्रो आदेशको कुरा हो भनेर हाँसी ठट्टा र हावामा उडाउने गर्दछन्। यसरी हामीले यो बुझ्नु पर्छ की मानिसमा पशुत्वको भावको अलावा प्रेमको अंश बढी हुन्छ। विना प्रेम मानिस बाँच्न सक्दैन र प्रेममा जुन आनन्द र रस छ त्यो अतुलनीय छ। अतः हामी सबै मानवहरूले एक अर्काप्रति मित्रताको माला गुथी विश्वास गर्न सक्ने वातावरणको निर्माणका लागि आ-आफ्नो तर्फबाट प्रतिबद्धता ब्यक्त गर्नुपर्दछ। तव मात्र ब्यक्ति वा समुदायको उद्गमस्थल भनेकै मुलुकको निर्माण हो। कुनै पनि मुलुक भूगोलको चार किल्ला मात्र होइन यो त बिविध संस्कृति जात जाति, धर्म र सम्प्रदायले समान रूपमा आफ्नो अस्तित्व देखाउन सक्ने सद्भावपूर्ण वाताबरण सहितको समाज हो। हामी सबै ब्यक्तिहरूले आफ्नो मनमा रहेका सबै प्रकारका दुर्गन्धित र फोहोरी भावनालाई तिलाञ्जली दिंदै एक अर्काप्रति प्रेम र सद्भावले अस्तित्वको सम्मान गर्नुपर्दछ, तव मात्र विषम परिस्थितिमा उब्जिएका विकृतिहरूलाई सामना गर्न सकिन्छ।

तसर्थ आज हामी सम्पूर्ण नेपालीहरूले यो युगिन तथ्यलाई मनन् गरी एकजुट भई अघि बढ्नु जरूरी छ। ❖



Downloaded from http://www.dhamma.digital

# परियत्तिको एकदिने शैक्षिक भ्रमण

✍ **काजोल बासुकला**
*परियति प्रारम्भिक तृतिय वार*

२०७३ भाद्र ११ गते मैत्रय युवा संघद्वारा आयोजित एकदिने शैक्षिक भ्रमण कार्यक्रममा हामी सबै गरेर जम्मा ५० जना परियत्तिका साथीहरू सहभागी भयौं। आफू त्यस कार्यक्रममा सहभागी भएको कारणले आफ्नो केही अनुभव सुनाउन चाहन्छु। हामी करिब ७:३० बजे दुधपाटिको बसपार्कमा भेला भई रिजर्भ गाडिमा बस्यौँ र करिब ८ बजेतिर त्यहाँबाट बनेपाको ध्यानकुटी विहारतर्फ लम्क्यौं।

करिब ९:३० बजेतिर हामी त्यहाँ पुग्यौं, चियापान गऱ्यौं र सबैजना एकछिन खेल्यौं, करिब ११:१५ बजेतिर हामीले ध्यानकुटी विहारमा बस्नु भएका संघनायक श्रद्वेय भिक्षु अश्वघोष महास्थविरको ९० वर्ष पुग्नु भएको उपलक्ष्यमा मैत्रेय युवा संघ भक्तपुरबाट अश्वघोष भन्ते, राहुल भन्तेज्यूलाई भोजन दान र मैत्री केन्द्र बाल शिविरका १३ जना विद्यार्थीहरू, बृद्ध बाजेहरूलाई पनि भोजन दान गऱ्यौँ। पछि हामीले पनि भोजन गऱ्यौँ र करिब १२ बजेतिर हामी धुँलिखेलमा रहेको शान्ति वन शिखरापुर विहारमा अवलोकन गऱ्यौँ। त्यहाँ हामीले बुद्धको विशाल मुर्ति देख्यौँ। त्यहाँ निकै शान्त र हरियालि स्वच्छ वातावरणको अनुभूति गऱ्यौँ।

त्यसपछि हामी नालाको करूणामय नाला गुम्बामा गयौँ। हामीले नालामा ठूलो गुम्बाभित्र बुद्धका मूर्तिहरू र उनका जीवनी भित्तामा कोरिरहेको हेऱ्यौँ। हामीले त्यहाँ समूहमा बसि फोटो सेसन गऱ्यौँ। त्यसपछि हामी बनेपाको बोधिचर्या विहारतर्फ लाग्यौँ। त्यहाँ हामीले श्रद्धय भिक्षु बोधिसेन भन्तेलाई भेट्यौँ। उहाँले हामीलाई परियत्ति शिक्षाको महत्त्वबारे उपदेश दिनुभयो। उहाँले हामीलाई भित्र र बाहिर दुवैतर्फ पाकेको आँप जस्तै हुनुपर्ने उदाहरण दिनुभयो। जसको तात्पर्य "हामीले परियत्ति शिक्षालाई अध्ययनका साथसाथै दैनिक जीवनमा प्रयोग र लागू गर्नु हो" भनी बताउनुभयो। उहाँको उपदेश सुनिसके पछि हामी फेरि ध्यानकुटी विहार फर्क्यौं।

ध्यानकुटी विहार फर्केर हामीले खाजा खायौं। त्यसपछि एउटा सानो कार्यक्रम भयो जसमा ध्यानकुटी विहारका प्रमुख राहुल भन्तेज्यूले प्रमुख आतिथ्य ग्रहण गर्नुभयो। त्यसैगरी संघका उपाध्यक्ष तिर्थराज वज्राचार्य ज्यू, मैत्रय युवा संघका अध्यक्ष सत्यलक्ष्मी रञ्जितकारज्यू र सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यज्यूले आतिथ्य ग्रहण गर्नुभयो।

कार्यक्रममा विहारका प्रमुख राहुल भन्तेज्यूले वि.सं. १९८३ सालमा जन्मनु भएको श्रद्धेय भिक्षु अश्वघोष महास्थविर नेपालका जेष्ठ र राजश्रेष्ठ हुनुहुन्छ। उहाँले १२५ वटा भन्दा बढि पुस्तकहरू लेख्नुभयो। उहाँले धेरै ठाउँमा धर्म प्रचार गर्नुभयो। बुद्ध शिक्षा प्रचार प्रसारको लागि उहाँले धेरै जनालाई प्रव्रजित गराउनु भयो। बुद्ध शिक्षा अध्ययन अध्यापन गराउनुभयो। उहाँकै सक्रियतामा २०३० सालमा बनेपामा ध्यानकुटी विहार स्थापना गर्नुभयो। २०५७ सालमा मैत्री केन्द्र बाल आश्रम स्थापना गरेर धर्मानुशासकका रूपमा बसेर असहाय बालकहरूलाई अध्ययन अध्यापन शिपमूलक कार्यक्रमका साथै गाँस, बास र कपडाको व्यवस्था पनि गर्दै आउनु भएको थियो। हाल मैत्री बाल आश्रमका १३ जना असहाय विद्यार्थीहरूलाई परियत्ति शिक्षा पढाउने व्यवस्था गर्दै आनुभएको छ। सुरूमा भिरालो भएको ठाउँमा अश्वघोष भन्तेको सक्रियता र स्थानिय जनताको विशेष सहयोगबाट ध्यानकुटी विहार स्थापना भएको थियो। अहिले बनेमामा बुद्ध शिक्षा प्रचारप्रसार हुँदै आएको कुरा राहुल भन्तेले भ्रमण टोलिलाई जानकारी दिनुभयो।

यसैगरी संघका उपाध्यक्ष तिर्थराज बज्राचार्यज्यू मैत्रेय युवा संघका स्थापना कालदेखि बुद्ध शिक्षा सम्बन्धी विविध कार्यक्रम गर्नुका साथै वर्षै पिच्छे शैक्षिक भ्रमण पनि गर्दै आइरहेको कुरा जानकारी दिनुभयो। साथै बौद्ध संघको प्रयासबाट २०४१ सालमा भक्तपुरमा भएको अश्वघोष भन्तेको क्लासबाट धेरै युवाहरू प्रभावित भएर भक्तपुरमा युवा बौद्ध पुचः मैत्रेय युवा संघको स्थापना गर्ने प्रेरणा प्राप्त भएको स्मरण गराउनुभयो।

कार्यक्रममा सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यज्यूले भ्रमणका फाइदा, बेफाइदा र सारतत्त्व बुझ्नु पर्ने विषयमा केहि बताउनु भएको थियो। संघका अध्यक्ष सत्यलक्ष्मी



Downloaded from http://www.dhamma.digital

रञ्जितकारज्यूले ध्यानकुटीबाट हामीलाई ठाउँ र आवश्यक सामान दिई मद्दत गरेकोमा धन्यवाद ज्ञापन दिनुभयो । भ्रमण टोलिबाट ध्यानकुटी विहारलाई रू. ४,०००।- सहयोग स्वरूप अश्वघोष भन्तेज्यूलाई उपाध्यक्ष तिर्थराज बज्राचार्यज्यूले हस्तातरण गर्नुभयो । हामी सबैले श्रद्धय अश्वघोष भन्तेको सु-स्वास्थको लागि कामना गर्‍यौं साथै उहाँले हामीलाई आशीर्वाद वाचन दिनुभएको थियो ।

कार्यक्रमको समापन पछि हामी सबैले भोजन गर्‍यौं र करिब ६:३० बजेतिर घर फर्‍यौं । यस एकदिने भ्रमणमा हामीले धेरै विहारहरू घुम्न पुग्यौं, नयाँ नयाँ ज्ञानमूलक शिक्षा सिक्यौं, नयाँ साथीहरू बनाउनुका साथै धेरै रमाइलो पनि गर्‍यौं । आफू जेनिथ इङ्गलिस सेकेण्डरी स्कूलको प्रतिनिधित्त्व गरेर त्यस कार्यक्रममा सहभागी भएर नयाँ ज्ञानगुणका कुराहरू सिक्न र रमाइलो गर्न पाएकोमा भित्रि हृदय देखि मैत्रेय युवा संघलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

परियति शैक्षिक भ्रमणको लागि गणेश ज्यास पसः हेमबज्र बज्राचार्यबाट गाडि र जलपानको व्यवस्था गरिदिनु भएको हुनाले उहाँलाई धन्यवाद व्यक्त गर्न चाहन्छौं । धन्यवाद ! ❖

## श्रद्धाञ्जली सभा सम्पन्न

*२०७३ कार्तिक ४ गते ।*

*स्थान- विश्व शान्ति विहार, मीन भवन, काठमाडौं ।*

थाइलैण्डका राजा भूमिबोल अदुल्यादेज नेपाली मिति अनुरूप वि.सं. २०७३ आश्विन २७ का दिन दिवंगत हुनुभयो । ८८ वर्षिय राजा अदुल्यादेजको स्थानिय समय अनुसार दिउँसो ३ बजेर ५२ मिनेटमा थाइलैण्डको सिरिराज अस्पतालमा निधन भएको समाचार राजदरवार द्वारा विज्ञप्तिमा जारी गरिएको थियो ।



*कार्यक्रममा सजाएर राखिएको राजा भूमिबोल अदुल्यादेजको तस्विर*

थाइलैण्डका जनताहरूको अतिप्रिय राजा भूमिबोल अनुल्यादेजलाई विश्वका नै सबभन्दा बढि शासन गरेका लोकप्रिय राजा एवं लोक धम्मिको महाराजाको रूपमा चिनिनु हुन्छ ।

सन् १९४६ मा १८ वर्षको उमेरमा गद्धीनसीन हुन भएका राजा अदुल्यादेजले ७० वर्ष सम्म शासन गरेका थिए । आफ्नो राज्यकालमा नै उहाँ सन् १९५६ मा केही महिना सम्म बौद्ध विहारमा भिक्षुत्त्व ग्रहण गरी रहनु भएको थियो । यसरी बुद्ध शासनको अंशियार हुनुभई बुद्ध शासन चिरस्थायी कार्यमा पनि अमूल्य योगदान दिन सफल हुनुभएका बहुप्रतिभाका धनी राजाको पुण्य स्मृतिमा विश्व शान्ति विहारमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो । Royal Thai Ambassy of Nepal / Lumbini Thai Monastery को संयुक्त आयोजना मा आयोजित उक्त कार्यक्रम मदन रत्न मानन्धरले संचालन गर्नु भएको थियो । उक्त कार्यक्रममा भिक्षु कोण्डञ्ञले अखिल नेपाल भिक्षु महासंघको Condolence Message पढेर सुनाउनु भएको थियो ।

कार्यक्रममा दिवंगत राजा भूमिबोल अदुल्यादेजको पूण्य स्मृतिमा उहाँको निर्वाण कामना गरी भिक्षु भिक्षुणी संघबाट सामूहिक परित्राणपाठ गरिएको थियो भिक्षु वोधिज्ञानले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा भिक्षु धम्मशोभनको अगुवाईमा सबैले पुण्यानुमोदन गरि दिवंगत राजालाई पुण्यदान गरिएको थियो।

कार्यक्रमको अन्त्यमा भिक्षु भिक्षुणी संघलाई दान प्रदान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# तसकं हने अ:पुगु बौद्ध संस्कार

✍ सुनिता मानन्धर

'झीगु देसय् धार्मिक सहिष्णुता दु । हिन्दू बौद्ध, मुश्लिम, क्रिश्चियन सकलें मिले जुयाच्वंगु दु । धर्मया नामय् ल्वापुख्यापु मजू ।'

खः झीसं सफुती थुकथंया हे खँ च्वयात:गु ब्वना वयाच्वना । मेमेगु देसय् थें थन धर्मया नामय ल्वापुख्यापु नं मदु । सकसिनं थ:थ गु धर्म नाला वयाच्वंगु दु । तर थन क्रिश्चियन, मुश्लिम आदि धर्मावलम्बीतयसं हिन्दू धर्म दुथ्याकूगु खनेमदु । उपिं सकलें थ:थ:गु धर्मय् कट्टर । थःपिनि धर्म संस्कार पिहां वनाः मेगु धर्मया संस्कारयात दुथ्याकी मुख । तर बौद्धमार्गीतयसं थथे या:गु खनेमदु । बौद्ध मार्गीत धर्मय् कट्टर मजू । इमिसं थ:गु धर्मय् हिन्दू धर्मया संस्कार ल्वाकछ्यानाच्वंगु दु । हिन्दू धर्म नालीपिं व बौद्ध धर्म नालीपिनि संस्कारय् उलि हिउपाः व:गु खने मदु । थन निगुलिं धर्म माने याइपिसं याइगु संस्कार उथेंउथें च्वं । जन्म संस्कार नां छुइगु जा नकीगु, ब्याहा संस्कार नापं मृत्यु संस्कार नं ज्व, लाक हनी । भ्वय् नकेगु, नखः चखः हनेगु संस्कार नं ज्व:ला: । अभ्र बौद्धमार्ग धा:पिंसं तकं पशु बली बिया जुइ । मेथाय् मखुसां आगमय् जकसां बीमा: धया जुइ । पशु बली मबिउसां अन भुयू फसि जूसां पालेमाः । नैक्याः छगः जूसा तछ्याथे हे मा:गु संस्कार दु । थन मेमेगु धर्मावलम्बी स्वयां नं बौद्धमार्गतयसं अक्सर थइथे भोजन याकी। परित्राण पाठ याकी । विहारय् वनी । थ्व भचा जक छु पा:गु खनेदु । थुलि जक सकिसनं थ:पिंत बौद्धमार्गी धकाः नालात:गु दु। तर छु थुलि यायेवं बौद्धमार्गी जुइगु ख:ला ? बौद्ध संस्कार थुलि हे खः ला ?

– जन्मनिसें मृत्यु तकया थ:गु हे कथंया बौद्ध संस्कार दु । थुकथंया खँ सुखीहोतु नेपालया पिथना 'सम्यक संस्कार' नांगु सफुली नं दुथ्याकात:गु दु । थुगु हे सफूयात ब: कयाः बौद्ध संस्कारया छुं छुं खँयात उला स्वयेः ।

– गर्भमंगल संस्कार : प्वाथय् दयाः न्याला खुलांनिसें प्वाथय् दुम्हेसित पञ्चशील पाले याके बीमाः । थुकिं यानाः बुइम्ह मचायात कुशल संस्कार ब्वलंके फइ ।

– नां छुइगु: खयत ला नामं मखु कर्मया कारणं मनू चीधं त:धं जुइगु खः । बुद्ध शिक्षा नं थुगु हे खँ स्यनी । अयनं नां छगू मनूया म्हसीका खः उकिं मचा बुयाः छुं ई लिपा वया नां छुइगु ज्या याइ बौद्ध संस्कार कथं नां छुइगु इलय् अर्थपूर्ण नां छुना बीमाः । थुकिं कुशल कर्मयात बोध याका बी ।

– अन्नप्रासन (जा नकेगु): बौद्ध संस्कार कथं मचायात जाः नकेगु लागिं छुं कथंया साइत स्वयाच्वने म्वाः । मचा न्याला खुला दयेवं वयात जा नकेगु संस्कार पूवंके जिउ । मचायात जा नकेगु ई वयेवं थः थितिपिं मुनाः थ:गु गच्छे कथं न्ह्यइपुक थुगु संस्कार यायेफु ।

– विद्यारम्भ (आखः स्यनेगु): मचा ब:चाधिकः जुल कि वयात आखः स्यनेमाः । बीमाः । न्हापां वयात म्हुतुं जकसां धाये सयेके बीमाः । लिपा च्वयेगु ई जुल कि कलम कापी बियाः च्वकेगु स्यनेमाः । थथे यात धा:सा मचानिसें कुशल व अकुशल ज्याखँयात थुइका काये फइ । मचा भचा त:धिकः जुल किं वयात छुं ईया लागिं श्रामणेर वा प्रव्रजित गुरुमां नं यायेफु । थथे याये फःसा उम्ह मचां विहारय् च्वनाः बुद्ध शिक्षायात अ:पुक थुइका कायेफइ । वं अष्टशील ग्रहण याइ । नापं ध्यान भावना नं विकास याये फइ । मिजं मचा जूसा थुगु इलय हे सँ खाकाः कयतापुजाया संस्कार नं पूवंके फइ अले मिसा मचा जूसा ब्राह्माः तयेगु संस्कार पूवंके फइ ।

– विवाह संस्कार : बौद्ध संस्कार कथं इहिपा संस्कार हने तसकं अ:पु । थुकिया लागिं विहारय् नं वनेफु । यदि विहारय् मवन धा:सा थ:गु छेँय् नं थुगु संस्कार सम्पन्न यायेफु । दकलय् न्हापां ब्याहा याइपिं मिसा व मिजंयात छथाय् तइ । अले सम्यक आस्था व सम्यक पुजा याइ । अनंलि मिसा व मिजं निम्हंपाखें नं बिस्कं बिस्कं कथं प्रतिज्ञा याई । मिजनं थुकथं प्रतिज्ञना याइ । जिं थः जहानया सम्मान याये । जिं जिगु दक्ष व क्षमता कथं तिसा वसः बी । थुकथं हे मिसां नं थुकथंया बचं बी जिं जिमि जहानया छेँया दक्व ज्याखँ स्वयेगु जुइ । जिं छेँजः नापं नोकर चाकरयात तकं बांलाक ब्यवहार याये । जि ब्यभिचारी जुइ मुख । जिं जिमि जहानं कमे याना ह:गु सम्पत्तिया रक्षा याये । अल्छि मचासे थ:गु दक्षकथं छेँज्या याये ।



Downloaded from http://www.dhamma.digital

थुकथं बचं बियाः स्वयम्बर याइ। थुगु इलय् साक्षी कथं भिक्षुपिंत नं सःती । थनं लिपा धर्मदेशना ज्याखँ जुइ। थःथितिपिं मध्ये सुनां छुं देछाये माःसा देछाइ। अले भमचायात पित बी ।

– दाहासंस्कार : बौद्ध संस्कार कथं दाहा संस्कार यायेगु नं यक्व हे विधित दु। थुकी मध्ये थःथःपिंसं नाला कया वयाच्वंगु न्हयागुं संस्कार जू । गथे कि सीम्हयात च्याकेगु, थुनेगु आदि । थुगु इलय् दुःखं च्वनेमाः धइगु मदु। अझ भाःत सीसा दछि तक छैंनं पिहाँ वये मजिउ धइगु नं मनु। झिन्हु तकं दुःखं च्वनेगु नं चलन मदु। थुगु इलय् सीम्हेसिया नामय् कुशल कर्मत याये जिउ। दानधर्म याय जिउ। छैंय यचुपिचु यायेगुनिसें थःगु नित्य कर्म व कर्तब्य याये जिउं। बुद्ध शिक्षा कथं मन हे दकलय् मुख्य खः। उकिं मन स्वस्थ यानाः कुशल कर्म यायेगु हे पुण्य कर्म यायेगु खः। थुगु इलय द्यांलाना च्वनेमाः धैगु नं मदु। थन थःगु गच्छे कथं जक संस्कारया ज्याखँ पूवंके माः।

– थुकथं स्वयेगु खःसा बुद्धशिक्षा कथं संस्कार हने तसकं अःपु। थुकी छुं कथंया रूढीवादी परम्परा मदु । अन्धविश्वास मदु । जन्मनिसे मृत्यु तक साधारण जीवन हनेगु हे बुद्धशिक्षाया संस्कार नाला कायेगु खः । न्हियान्हिथं द्यः पतिकं द्यइके वनेवं जक बुद्धमार्ग जुइगु मखु । बुद्धमार्गी जुइत छुं कथंया भाकल याना जूइम्वाः द्या लानाः श्राद्ध याः जुइम्वाः । पशु बली बियाः पुजा याः जुइम्वाः । ला तयाः भ्वय् नका जुइम्वाः । तिसा वसः ब्वयाः फुइँ याः जुइम्वाः । साधारण कथं जीवन हनेगु व थःगु कर्तब्ययात पूवंकेगु हे बौद्धमार्गी जुइगु खः ।

साधारण कथं जीवन हनाः तथागत बुद्धं क्यना बिज्याःगु शिक्षायात ब्यवहारय् छ्यले फुम्ह हे थन धात्थेंम्ह बौद्धमार्गी जुइ। ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| २०७३ *आश्विन/कार्तिक* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| आश्विन २३ गते, आइतवार, अष्टमी | शुभवती | वीर्यवती |
| आश्विन २९ गते, शनिवार, श्रीघःपुन्हि | पञ्ञावती | पञ्ञावती |
| आश्विन ३० गते, आइतवार, कतिंपुन्हि | अमता | धम्मवती |
| कार्तिक १ गते, सोमवार, संक्रान्ति | वण्णवती | पञ्ञावती |
| कार्तिक ७ गते, आइतवार, अष्टमी | वण्णवती | मेत्तावती |
| कार्तिक १४ गते, आइतवार, औंशी | क्षान्तिवती | खेमावती |

## एक दिवसीय ध्यान शिविरया सूचं

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नियमित अभिधर्म कक्षाया ब्वँमिपिन्त विशेष लक्षियत यानाः हरेक महिनाया पुन्हीपतिकं सञ्चालन जुइगु एक दिवसीय विपस्सना ध्यान शिविरय् सकल श्रद्धालुपिन्त स्वागत दु।

यैँया सानो भऱ्यांगस्थित **रत्न विपस्सना विहारय् कम्मट्ठानाचार्य ऊ सुजनपिय सयादो व निर्मलञाणी (वीणा)** गुरुमांया दक्ष निर्देशनय् जुइगु ध्यान शिविरय् सहभागी जुयाः दुःखं मुक्त जुइगु निर्वाणपाखे पलाः न्ह्याकेनु।

**ध्यान समय : सुथसिया ७:०० बजेनिसें न्हिनसिया ४:०० बजेतक्क।**

*सम्पर्क:*
**रीना तुलाधर : ९८५१००३६०४**
**उष्णीषतारा तुलाधर : ९८४१२०८१९२**

*संयोजक:*
**उष्णीषतारा तुलाधर**
*'परियत्ति सद्धम्म कोविद'*



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू–४


✍ **सयादो उ वामे** र **सयादो उ ञाउगां**
*नेपालभाषा अनुवाद-* **धम्मवती गुरूमां**, *नेपाली अनुवाद-* **वीर्यवती गुरूमां**

**प्रश्न नं. ८**
ढुंगा प्रहार भएको खुत्ताको औंलामा रगत जमेको कारणले उक्त घाऊ पाकेर भगवान् बुद्धलाई धेरै पीडा भएको थियो । त्यसैले जीवक वैद्यले भगवान् बुद्धलाई उक्त घाऊको सल्यक्रिया नै गर्नु परेको थियो । शाक्य मुनि बुद्धको कुन जन्मको विपाक होला यो ?


भगवान बुद्धको खुट्टाको औंलामा रगत जमेको बेला जीवक वैद्यले उक्त घाउ सल्यक्रिया गरिरहेको दृष्य


**उत्तर–**

एक जन्ममा बोधिसत्त्व प्रान्तिय राजा भएको थियो । त्यही बेला उनले रक्सी पिएर विस्मृति भई निर्दोषी जनताहरूलाई छुरा घोपी सास्ती गरी अकारण नै मार्न लगाएको थियो । यही पापकर्मको फलस्वरूप शाक्य मुनी बुद्ध हुनुभएको बेलामा समेत घाऊको कारणले पीडा सहनु परेको थियो ।


प्रान्तिय राजा बोधिसत्वले रक्सीले मात्तिएर निर्दोषी जनतालाई छुरा घोपी यातना दिएको दृष्य



Downloaded from http://www.dhamma.digital




भगवान बुद्धलाई कपाल दुखी कष्ट सहनु परेको दृष्य

**प्रश्न नं. ९** भगवान् बुद्धलाई कहिले काहिं कपाल दुखाईको कारणले धेरै कष्ट सहनु पर्‍यो । यो कुन विपाकको फल होला ?

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व माझी गाउँमा जन्म लिनु भएको थियो । एकदिन एउटा गाउँमा गइरहनु भएको बेला एउटा माझीले ठूलो माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरेर मारेको दृष्य देखी उहाँ बोधिसत्वले खूब प्रसन्न मुद्रामा प्रशंसा गर्दै हेरिरहनु भएको थियो । यसरी माझीले गरेको अकुशल कार्यलाई रोक्न खोज्नुको बदला प्रसन्नता व्यक्त गरेको विपाक फलले भगवान बुद्ध जस्तो निक्लेशी हुनु भएपनि समय समयमा टाउको दुख्ने रोगले पीडित हुनु परेको हो ।



माझीले माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरिरहेको दृष्य हेरी बोधिसत्वले प्रशंसा गरिरहेको दृष्य ।



Downloaded from http://www.dhamma.digital

**प्रश्न नं. १०**

एकपटक वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षावास भरिको लागि निमन्त्रणा गरेर लगेको थियो । तर उसले भगवान् बुद्धलाई आफूले निमन्त्रणा गरेको कुरालाई नै विर्सेर केही पनि उपस्थान गर्न गएन । त्यही समय उक्त स्थानमा अनिकाल परेको कारणले अन्न अभाव भएको हुँदा त्यस स्थानमा अरू मानिसहरू कोही पनि गएनन् । भोजन अभावको कारणले भगवान् बुद्धले घोडाको दाना खाएर पनि जीवन निर्वाह गर्नु परेको थियो ।


कुन कर्म विपाकको कारणले भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि यस्तो कठिनाइको सामना गर्नु परेको होला ?



भगवान बुद्धलाई घोडाको दाना दान गरिरहेको दृष्य

**उत्तर–**

बोधिसत्त्वको एक जन्ममा भिक्षुहरू भिक्षाटनको लागि आइरहनु भएको थियो । यौवनमत्तामा पुगेको बोधिसत्त्वले अभिमानी चित्तको वसमा गई यिनीहरूलाई राम्रो खाना किन दान दिने ? घोडाको दाना दान दिने नि भन्दै हो च्याएर निन्दा उपहास गरेको थियो । यस अकुशल कर्म रूपी बीऊको फल स्वरूप शाक्यमुनि बुद्ध जस्तो व्यक्तित्त्वले पनि ३ महिना सम्म घोडाको दाना खाएर जीवन निर्वाह गर्नुपरेको थियो ।




वोधिसत्वले भिक्षुलाई घोडाको दाना मात्र दान दिनु भनी निन्दा उपहास गरिरहेको दृष्य ।



Downloaded from http://www.dhamma.digital

# महापरित्राण पाठ सम्पन्न




*सामुहिक महापरित्राण पाठ गर्नुहुँदै भिक्षुणी धम्मवती प्रमुख अन्य भिक्षुणी गुरुमांहरू*

*२०७३ आश्विन २८ शुक्रबार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

दिवंगत हुनुभएका वरिष्ठ विपस्सना ध्यान गुरू रत्नमञ्जरी गुरूमांको पुण्य स्मृतिमा धर्मकीर्ति विहारले दिनभर महापरित्राण पाठ कार्यक्रम आयोजना गरिएको थियो । भिक्षुणी गुरूमांहरूबाट पाठ गरिएको उक्त महापरित्राण पाठ कार्यक्रममा रत्नमञ्जरी गुरूमांको पुण्य स्मृतिमा दान प्रदान गरिएको थियो । धर्मकीर्ति विहार सयादो नन्द लगायत पुलांपुचः ध.की.को तर्फबाट भोजन जलपान प्रायोजन गरी पुण्य सञ्चय गरिएको उक्त कार्यक्रममा संचालित महापरित्राण पाठ कार्यक्रममा पाठ गर्नुहुने भिक्षुणी गुरूमांहरूको नामावली यसरी रहेको छ–

१) शरणागमन देखि करणीय मेत्त सुत्त – वीर्यवती, शुभवती, सुनिता

२) खण्ड सुत्त देखि धजग्ग सुत्त – पञ्ञावती, जवनवती, नन्दावती

३) महाकस्सपथेर बोझ्झङ्ग देखि महाचुन्दथेर बोझ्झङ्ग सुत्त – कुसुम, प्रीतिवती, इन्दावती

४) गिरिमानन्द सुत्त देखि इसिगिली सुत्त – जयवती, अमता, जीनवती

५) धम्मचक्कपब्बत्तन सुत्त – अनोजा, सुनन्दावती, चम्पावती

६) महासमय सुत्त – सुमना, चन्द्रश्री, मन्जूश्री सहित-५

७) आलवक सुत्त देखि कसिभारद्वाज सुत्त – चमेली, अनुपमा, धम्मचारी

८) पराभव सुत्त देखि वसल सुत्त – केशावती, त्यागवती, क्षान्तिवती

९) सच्चविभंग सुत्त – खेमावती, श्रद्धावती, दिपा

१०) आटानातिय सुत्त (क) – दानवती, मेत्तावती

११) आटानातिय सुत्त (ख) – करूणावती, वण्णवती, ध्यानवती, सुवण्णवती



Downloaded from http://www.dhamma.digital

# The End of the Age of Miracles

✍ **Ganesh Mali**

To wards the dawn of the present age of Science and technology about a century ago, a longs hot debate was going on in the world, whether the universe is governed by a miraculous power or by the laws of nature operating in the universe as revealed by science.

with the claim of the present day scientists that they can reconstruct, the world as it is now given the exact state and position of matter and energy at the beginning, it seems that the debate is now over, more and more people in the world today view the world as gradually unfolding itself according to the laws of nature as being revealed to us by science.

Even today we feel the burden of a lot of superstitions and blind-beliefs derived from the miraculous power,called the divine power or the supreme miraculous power, the blind beliefs and superstitions related to the universe earth, planets, our life and death, diseases the good and the evil spirits, etc. Some of the supersititions and blind beliefs are really harmful to our lives.

For example, some people suffering from a serious disease, pray to the miraculous power for recovery instead of seeing a doctor, and get worse day by day and soon end their lives. Some pray to the miraculous for success in life instead of making good efforts and end in failure.

Aim of us must decide for ourselves which way to go. Science or superstitions and blind beliefs.

It is written in a favourite book or said by somebody who is popular in the society or by somebody you like or believe in it. If you think if it is conducive to you now and infuture for peace, goodwill health and prosperity.

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

*बुन्ही :*
*बि.सं. १९९०*
*कार्तिक २४ गते*



*मदुगुन्हि :*
*बि.सं. २०७३*
*आश्विन ३० गते, आइतवार*

## मदुम्ह पं. बद्रीरत्न वज्राचार्य

वज्रयान गुरू बौद्ध विद्वान पण्डित **बद्रीरत्न वज्राचार्य** दिवंगत जुया बिज्यात । बुद्ध शिक्षा प्रचारया ज्याभ्वलय् यक्को योगदान बियाबिज्याःम्ह बद्री गुरूजुया सद्गति व निर्वाण कामना यासे पुण्यानुमोदन यानागु जुल । थुगु दुःखद्घडी गुरूजुया छयेँजः परिवारं संसारया अनित्य दुःख व अनात्म स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः नं आशिका याना ।

**धर्मकीर्ति विहार**, श्रीघः, नःघः, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# The Happy Monk – 4
## (Joys of the Spiritual Life)



Once upon a time, there was a high class rich man. As he became older, he rea-lized that the suffering of old age was about the same for rich and poor alike. So he gave up his wealth and class position, and went into the forest to live as a poor monk. He practiced meditation and developed his mind. He freed himself form unwholesome thoughts, and became contented and happy. His peace-fulnessand friendliness gradually drew 500 followers to his side.

At that time, long ago, most monks usually looked pretty serious. But there was one monk who, even though he was quite dignified, always wore at least a little smile. No matter what happened, he never lost this glimmer of inner happiness. And on happy occasions, he had the broadest smile and the warmest laughter of all.

Sometimes monks, as well as others, would ask him why he was so happy that he always wore a smile. He chuckled and said, "If I told you, you wouldn't believe me! And if you thought I spoke a lie, it would be a dishonor to my master." The wise old master knew the source of the happiness that could not be wiped



Downloaded from http://www.dhamma.digital

from his face. He made this happiest monk his number one assistant.

One year, after the rainy season, the old monk and his 500 followers went to the city. The king permitted them to live in his pleasure garden for the springtime.

This king was a good man, who took his responsibilities as ruler seriously. He tried to protect the people from danger, and increase their prosperity and welfare. He always had to worry about neighboring kings, some of whom were unfriendly and threatening. He often had to make peace between his own rival ministers of state.

Sometime his wives fought for his attention, and for the advancement of their sons. Occasionally, a dissatisfied subject even threatened the life of the king himself! And of course, he had to worry constantly about the finances of the kingdom. In fact, he had so much to worry about. That he never had time to be happy!

As summer approached, he learned that the monks were preparing to return to the forest. Considering the health and welfare of the old leader, the king went to him and said, “your reverence, you are now very old and weak. What good does it do to go back to the forest ? you can send your followers back, while you remain here.”

The chief monk then called his number one assistant to him and said, “You are now to be the leader of the other monks, while you all live in the forest. As I am too old and weak, I will remain here as offered by the king.” So the 500 returned to the forest and the old one remained.

The number one assistant continued practicing meditation in the forest. He gained so much wisdom and peace that he became even happier than before. He missed the master, and wanted to share his happiness with him. So he returned to the city for a visit.

When he arrived, he sat on a rug at the feet of the old monk. They didn't speak very much, but every so often the number one assistant would say, “What happiness! Oh what happiness!”

Then the king came to visit. He paid his respects to the chief monk. However, the one form the forest just kept saying, “what happiness! Oh what happiness!” He did not even stop to greet the king and show proper respect. This disturbed him, and he thought, “With all my worries, as busy as I am looking after the kingdom, I take time out for a visit and this monk does not respect me enough to even recognize me. How insulting!” He said to the senior of the two monks, “Venerable sir, this monk must be stupid from overeating. That must be why he is so full of happiness. Does he lie around here so lazy all the time?”

The head monk replied, “Oh king, have patience and I will tell you the source of his happiness. Not many know it. He was once a king, just as rich and mighty as you! Then he was ordained a monk and gave up his kingly life.”

Now he thinks his old happiness was nothing compared to his present joy!

“He used to be surrounded by armed men, who gurded and protected him. Now, sitting alone in the forest with nothing to fear, he has no need for armed guards. He has given up the burden of worrying about wealth that has to be protected. Instead, free of the worry of wealth and the fear of power, his wisdom protects himself and others. He advances in meditation to such inner peace, that he cannot keep from saying, What happiness! Oh what happiness!”

The king understood at once. Hearing the story of the happy monk made him feel at peace. He stayed for a while and received advice from both of them. Then he honored them, and returned to the palace.

Later the happy monk, who once had been a king, paid his respects to his master and returned to the lovely forest. The old chief monk lived out the remainder of his life, died, and was reborn in a high heaven world.

**THE MORAL IS:**

Unattached to wealth and power, happiness increases.

*to be continue ... ...*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको
## २०७२ श्रावण देखि २०७३ असार सम्मको प्रतिवेदन

*प्रस्तुती- लोचन तारा तुलाधर*

**१. वि.सं. २०७२ श्रावण १५, विहिवार गुरूपुजा**

धर्मकीर्ति विहारको धम्महलमा धम्मानु शासक भिक्षु अश्वघोष महास्थविरको अतिथ्य एवं पूज्य धम्मवती गुरूमांको सभापतित्त्वमा धर्मकीर्ति विहारका सकल गुरूमांहरू र शाखा विहारका प्रमुखहरूलाई दान प्रदान

**२. वि.सं. २०७२ आश्विन ९, शनिवार पूजनीय धम्मवती गुरूमांको ८२ औं जन्मोत्सवको उपलक्ष्य**

यस उपलक्ष्यमा विहारमा पढ्न आउने बालिकाहरू वीच वाल बौद्ध प्रश्नोत्तर प्रतियोगिता सम्पन्न प्रतियोगितामा ११ जना वालिकाहरूले भाग लिएको थियो। प्रतियोगितामा प्रथम, दुतिय, तृतिय तथा सान्त्वना पुरस्कार क्रमशः पुजनीय धम्मवती गुरूमां, प्रमोदवीरसिं उर्मिला तुलाधर, अमरलक्ष्मी तुलाधर रसुवन्ती तुलाधर द्वारा प्रायोजन गरिएको थियो।

**३. वि.सं. २०७२ चैत्र २७ देखि वि.सं. २०७३ वैशाख ३ सम्म अल्पकालिन श्रामणेर एवं ऋषिनी प्रव्रज्या कार्यक्रम**

इन्दावती गुरूमां र अमीरकुमारी शाक्यको संयोजकत्वमा सानो भ्याङ्गमा सम्पन्न यस कार्यक्रममा ११ जना वालकहरूले श्रामणेर प्रव्रज्या र १२ जना बालिकाहरूको ऋषिनी प्रव्रज्या ग्रहण गरेका थिए। शिविर अवधिभर वालवालिकाहरूलाई बुद्ध पूजा विधि, नैतिक शिक्षा, मंगल सूत्र, स्वास्थ्य शिक्षा, आधुनिक युगका बुद्ध शिक्षा आदि विषयमा तालिम दिइएको थियो।

**४. वि.सं. २०७२ चैत्र १३ गते शनिवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४४ औं वार्षिक भेला**

यस वर्षको वार्षिक भेला नरः बुद्ध विहार रातो, पुलमा सम्पन्न भयो। यस कार्यक्रममा वार्षिक प्रतिवेदन, शनिवारिय कक्षा प्रतिवेदन, आर्थिक प्रतिवेदन, अल्पकालीन श्रामणेर र ऋषिनी प्रव्रज्याको प्रतिवेदन प्रस्तुत गरियो। २०७२ को धर्मकीर्ति अश्वघोष सम्मान विद्या सागर रंजित र धर्मकीर्ति धम्मवती सम्मान अमीर कुमारी शाक्यलाई प्रदान गरियो। यस वर्ष विविध विषयमा डिग्री उपाधि हासिलगर्ने गोष्ठीका सदस्यहरू सम्मानित हुनेहरू यसरी छन्–

(१) सह प्रा. मदनरत्न मानन्धर – धम्म विजय पदनमद्वारा सम्मानित हुनु भएको उपलक्ष्यमा

(२) लुम्विनी बौद्ध विश्व विद्यायल द्वारा संचालित थेरवाद एकेडेमी वाट M.A. डिग्री प्राप्तहरू। शुभवती गुरूमां, क्षान्तीवती गुरूमा, अम्बिका श्रेष्ठ, दुर्गा रेग्मी, दीना कंसाकार

(३) त्रिभुवन विश्व विद्यालयबाट बुद्धिज्ममा B.A. डिग्री प्राप्त - उष्णीषतारा तुलाधर

**५. वि.सं. २०७३ असार ४ गते शनिवार धम्मानुशासक अश्वघोष महास्थविरको ९० औं शुभजन्मोत्सव तथा प्रव्रज्या दिवस।**

यस कार्यक्रम बनेपाको ध्यानकुटी विहारमा सम्पन्न भयो श्री लंकाका राजदूत डब्लू.एच.सिन वेरथन्को प्रमुख आदित्यमा संचालित उक्त कार्यक्रममा पुज्य अश्वघोष भन्तेलाई स्वयं राजदूत, ध.की. संरक्षण कोषका चमेली गुरूमां तथा द्रव्यमानसिं तुलाधर, ध.की. स्वास्थ्य कमिटिबाट रोशनकाजी तुलाधर, निर्वाणमूर्ति विहार तर्फ वाट अमृतमान ताम्राकार, र गोष्ठीको तर्फवाट उपाध्यक्ष इन्दावती गुरूमां द्वारा दान प्रदान गरियो। गोष्ठीको तर्फबाट मेत्ता सेन्टर बाल आश्रमका वालिकाहरूलाई कुर्ता र सलवार पनि प्रदान गरियो गोष्ठीबाट वर्षेनी असारमा गरिने प्रव्रज्या दिवस पनि यही दिनमा सम्पन्न भयो।

*( धर्मकीर्ति संरक्षण कोषको तेन्हौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको )*



Downloaded from http://www.dhamma.digital

# हिंसा रहित दशैं (मोहनी नखः)

*२०७३ आश्वीन २२ गते, शनिवार*
*प्रवचिका- श्रद्धेय इन्दावती गुरूमां*
*प्रस्तुती- राजभाइ तुलाधर*

दशैं धेरैजसो नेपालीहरूको सबभन्दा ठूलो चाड हो चाडमा टाढा-टाढा बसिरहेका नातेदार, आफन्तहरू आफ्नो पुर्ख्यौली थलोमा पुगेर रमाइलो गर्छन्। तर दशैंको नराम्रो पक्ष भनेको धर्मको नाममा विभिन्न देवी देवताहरूको मन्दिरमा गरिने असंख्य पशुवलि हो ।

यस प्रसंगमा भगवान् बुद्धले भन्नु भएको केही गाथाहरूको चर्चा गर्नु उपयुक्त हुनेछ जुन धम्मपदको दण्डवर्गमा उल्लेखित छन्ः

१) **सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा – नहनेय्य न घातये ॥**

दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्दछन् । त्यसकारण आफूभैं सम्भी प्राणीलाई हिंसा नगर्नु र नगराउनु ।

२) **सब्बे तसन्ति दण्डस्स – सब्बेसं जीवित पियं ।**
**अत्तानं उपमं कत्वा – न हनेय्य न घातये ॥**

दण्ड देखेर सबै डराउँछन्, सबैलाई ज्यानको माँया छ। त्यसकारण आफूभैं सम्भी प्राणीलाई आघात नगर्नु, नगराउनु ।

३) **सुखकामानि भूतानि – यो दण्डेन विहिंसति ।**
**अन्तनो सुखमेसानो – पेच्च सो न लभते सुखं ॥**

आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा पीडा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन ।

भगवान् बुद्धले केही बच्चाहरूले आफूलाई टोक्न आउला भनेर एउटा सर्पलाई मार्न खोजीरहेको देखेर सर्पलाई समेत नमार भन्नु भएको थियो । यदि हामीले उपरोक्त अमृतवाणीहरूलाई मान्ने हो भने हिंसाबाट अलगिनु पर्छ । अभ्क धर्मको नाममा हिंसा गर्नु त ठूलो विडम्बना नै हो ।

विश्वप्रख्यात ताइवानी बौद्ध धर्म गुरु सिङ्ग युनको उपदेशबाट प्रभावित भएर ताइवानमा धेरै मानिसहरू शाकाहारी बनी सकेका छन्। ताइवानीहरू मूलत चाइनिज नै हुन् । कुनै चाइनिज मानिस शाकाहारी हुनु भनेको धर्मको हिसाबले ठूलो उपलब्धि हो । वहाँकै उपदेशले गरेर फिलिपिन्समा पनि धेरै मानिसहरू शाकाहारी भएका छन् ।

गुरु सिङ्ग युनको मानवीय बुद्धधर्म प्रचार कार्यको मुख्य उद्देश्य सबैमा Bodhi Mind (बोधि चित्त) जगाउनु हो किनभने बोधिचित्त भएको व्यक्तिले अरूलाई दुःख दिँदैन । यसको लागि वहाँको तीनवटा सरल कथनहरू छन् :–

1) Do Good Deeds (असल काम गर)
2) Speak Good Words (असल कुरा गर)
3) Think Good Thought (असल विचार गर)

उपरोक्त तीन वटा उपदेशहरूलाई पालना गरेको खण्डमा मानिस भित्र रहेको हिंसक प्रवृति स्वतः हटेर जानेछ ।

विजया दशमी दशैं पर्वको मुख्य दिन हो । बौद्ध मार्गीहरू यस दिनलाई अशोक विजया दशमी भन्ने गर्दछन् । किनभने यही दिन सम्राट अशोकले शस्त्र परित्याग गरेको थियो। फलस्वरूप चण्ड अशोकबाट धर्म अशोक कहलाइएको थियो र बुद्ध धर्म वहाँकै प्रयासबाट एसिया महादेशभर फैलिएको थियो। यसैले हामीले विजया दशमीलाई सम्यक दृष्टिले मिथ्या दृष्टि माथि विजय पाएको दिवसको रूपमा मनाउनु पर्छ ।

दशैंमा देवीदेवताहरूलाई खुशी पार्ने नाममा अनगिन्ति प्राणीहरूको वलिदिनु भनेको धर्मको नाममा स्वादिष्ट मासु खाने तृष्णा पूरा गर्ने बहाना मात्रै हो। पशु वलि दिएर धर्म हुन्छ भनेर सोच्नु भन्दा ठूलो मिथ्या दृष्टि अर्को हुन सक्तैन । देवीदेवताहरूले मनुष्य भित्र रहेको पशुत्त्वको वलि चाहेका हुन् न कि निरीह पशुहरूको वलि । यो कुरालाई मनन गरेर हामी सबैले आफू भित्र रहेको दुष्टवृत्तिलाई हटाउन सकौं, यही नै दशैंको शुभकामना ।

## धर्मकीर्ति पुस्तकालयको सूचना

धर्मकीर्ति विहार स्थित धर्मकीर्ति पुस्तकालय हाल हरेक शुक्रबार बुद्ध शिक्षा अध्ययन गर्न इच्छुक पाठक वर्गहरूका लागि ४ घण्टा खुला रहने छ ।

***खुल्ने समय- दिउँसो १२ बजे देखि ४ बजेसम्म***
***स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः काठमाडौं***

**धर्मकीर्ति पुस्तकालय**
धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital

## यज्ञ वर्ग (अंगुत्तर निकाय)

*२०७३ असोज १५ गते, शनिवार*
*विषय- यज्ञ वर्ग (अंगुत्तर निकाय)*
*प्रवचक- मदन रत्न मानन्धर*
*रिपोर्टर- सुनिता शाक्य*

उक्त दिन अंगुत्तर निकायको सुत्र नं. १४३ व्याख्या गर्नु भई कक्षा संचालन भयो । जस अन्तर्गत शास्ताले भन्नुभयो– "भिक्षुहरू संसारमा दुई प्रकारका यज्ञ छन् । पहिलो भौतिक यज्ञ र दोस्रो धर्म यज्ञ हो । यी दुई यज्ञ मध्ये दोस्रो यज्ञ उत्तम र सर्वश्रेष्ठ छ । धर्म यज्ञ भन्नाले धर्म छलफल गर्नु, धर्म सभा गर्नु, धर्म सम्मेलन गर्नु, संगायन गर्नु, धर्म अभ्यास गर्नु, धर्म पुस्तक, पत्र पत्रिका छपाउँनु, धर्म कक्षा संचालन गर्नु, कुनै शंका वा उपशंका भएमा त्यसको निवारण गर्नु र स्पष्ट बुझाई दिनु नै धर्म यज्ञ हो ।

यज्ञ गर्नु भनेको होश गरेर अन्नपात अग्निमा राख्नु होइन । पशुपन्छीको हिंसा गरेर महायज्ञ हुँदैन । उदाहरणको लागी भगवान बुद्धले कूटदन्त सूत्रको उदाहरण प्रस्तुत गर्नुभयो ।

कूटदन्त ब्राह्मणले भारी संख्यामा गोरु, बाछा, बाछी, भेडाहरूलाई यज्ञका निम्ति वलि दिन बाँधी राखेको थियो । यसरी जनावरहरूलाई बाँध्न भारी संख्यामा जंगलबाट रुख काटेर पर्यावरण अथवा वातावरण पनि विगारेको थियो ।

भगवानले भन्नु भयो शुद्ध रुपले पंचयज्ञ गर्नु भनेको पंचशील पालन गरेर गर्न सकिन्छ । यसरी नै राज्य व्यवस्था र सुशासन कायम गर्नु पनि यज्ञ गर्नु जस्तै हो । यसका लागि राज्यमा काम गर्न चाहनेहरूलाई औजार अथवा ज्यावलहरू दिएर, किसानहरूलाई उत्तम वीउविजन प्रदान गर्नु, व्यापार गर्नेहरूलाई पूँजिको व्यवस्था गर्नु पर्दछ ।

यज्ञको अर्को अर्थ वली दिनु हो अर्थात् त्याग गर्नु हो । आफूमा भएको क्रोध, लोभ, राग, द्वेष र मोहको त्याग गर्नु हो ।

त्यसै गरि गृहस्थीहरूले गर्नु पर्ने पंचमहा यज्ञ यस प्रकारको छ ।

१. ब्रह्न यज्ञ (स्वः अध्ययन गर्नु)
२. देव यज्ञ (होम आदि गर्नु)
३. भूत यज्ञ (पशु, पन्छी आदीलाई अन्न दान गर्नु)
४. पितृ यज्ञ (पितृको नाममा पुण्य क्रिया गर्नु, ज्ञातिवर्गहरूको लक्ष्यलाई पुण्य वितरण गर्नु)
५. नृ यज्ञ (नर यज्ञ अर्थात् अतिथि सत्कार गर्नु)

## धर्मकीर्ति विहार संरक्षणकोणको वार्षिक साधारण सभा

*२०७३ आश्विन १५, धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहार संरक्षण कोणको १३ औं वार्षिक साधारण सभा सम्पन्न भयो ।

धम्मवती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रममा धर्मकीर्ति विहारमा सम्पूर्ण इकाई लगायत यस विहारबाट सम्वन्धन प्राप्त सबै शाखा विहारहरूले आआफ्नो विहारको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

धम्मवती गुरुमांले शील प्रार्थना गराउनु भएपछि संचालित उक्त कार्यक्रममा कोषका सह सचिव रमा कंसाकारले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कोषका सचिव प्रफुल्ल कमल ताम्राकारबाट माइन्यूट र प्रतिवेदन पेश गर्नुभएपछि कोषका कोषाध्यक्ष अजय रत्न स्थापितले आर्थिक प्रतिवेदन पेश गर्नु भएको थियो ।

त्यसपछि धर्मकीर्ति विहारका विभिन्न इकाईबाट यसरी प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

१. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी – प्रस्तुतीः सचीव लोचन तारा तुलाधर
२. धर्मकीर्ति स्वास्थ्य कमिटी – संयोजकः रोशन काजी तुलाधर
३. धर्मकीर्ति पत्रिका – व्यवस्थापकः ध्रुव स्थापित
४. बुद्ध पूजा कमिटी - इन्दुकुमार नकर्मी
५. धर्मकीर्ति पब्लिक इमेज कमिटी – संयोजक, भिक्षुणी पञ्ञावती गुरुमां
६. धर्मकीर्ति ज्ञानमाला भजन – सचिव, प्रेमलक्ष्मी तुलाधर
७. धर्मकीर्ति शिक्षा सदन – प्रिन्सिपल, कीर्ति तुलाधर

## धर्मकीर्ति सम्बन्धन प्राप्त शाखा विहारहरूको प्रतिवेदन

१. किम्डोल निर्वाण मूर्तिविहार – प्रस्तुतीः सचिव अमृत ताम्राकार



Downloaded from http://www.dhamma.digital

२. सुलक्षण कीर्ति विहार चोभार – विहार प्रमुखः भिक्षुणी अनोजा
३. बसुन्धरा धर्मकीर्ति विहार, बसुन्धरा – विहार प्रमुखः भिक्षुणी कुसुम
४. पद्मकीर्ति विहार – सचिव भिक्षुणी करुणावती

सचिव प्रफुल्लकमल ताम्राकारले श्यामलाल चित्रकारलाई लेखा परिक्षक नियुक्ति प्रस्ताव पेश गरिएकोमा सबै सदस्सहरूले अनुमोदन गरिएको थियो । धर्मकीर्ति संरक्षण कोषको पदाधिकारी हेरफेर भएनुसार कोषका कार्यकारिणी सदस्यमा खेमावती गुरुमां र दानवती गुरुमांलाई चयन गरिएकोमा सबै सदस्यहरूको तर्फबाट अनुमोदन गरिएको थियो भने अन्य पदाधिकारीहरू यथावत राखिएको थियो ।

अन्त्यमा कोषका कार्यकारिणी सदस्य मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रम मीना तुलाधरले संचालन गर्नुभएको थियो ।

# धर्मकीर्ति विहार संरक्षण कोषया प्रतिवेदन

## (२०७२ श्रावण – २०७३ असार)

*प्रस्तुती- सचीव मयजु प्रफुल्ल कमल ताम्राकार*

१) वि.सं. २०७२ श्रावण महिनां निसें २०७३ आषाढ मसान्त तक्क दच्छि यकंया कायकारीणी बैठक जम्मा १५ पटक सम्पन्न जूगु जुल व थौं २०७३ आश्विन १५ गते शनिवार साधारण सभा सम्पन्न जूगु जुल । कार्यकारीणी बैठक जूगु मिति थुकथं दु :–

| | |
|---|---|
| १) २०७३/०४/०७ | ९) २०७२/११/१६ |
| २) २०७२/०४/२१ | १०) २०७२/१२/०८ |
| ३) २०७२/०५/१५ | ११) २०७२/१२/१९ |
| ४) २०७२/०६/२० | १२) २०७३/०१/२१ |
| ५) २०७२/०६/३० | १३) २०७३/०२/१५ |
| ६) २०७२/०७/२० | १४) २०७३/०३/१३ |
| ७) २०७२/०८/२९ | १५) २०७३/०३/२० |
| ८) २०७२/१०/२६ | |

२) २०७२ साल श्रावण १ गते शुक्रवार सुथसिया ९:०० बजे विहार संरक्षण कोषया आयोजनाय् थेरबाद बुद्धिष्ट एकेडेमीया सचिव भिक्षु निग्रोध स्थविर लुम्बिनी विकाश कोषया उपाध्यक्ष पदय् नियुक्त जुया बिज्यागु लसताय् कोषया अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँया सभापतित्वय् धर्मकीर्ति विहारे वसपोलयात सम्मान पत्र लःल्हाय्गु कार्यक्रम सम्पन्न ।

३) २०७२ साल श्रावण २ गते शनिवार दिनस "धर्मकीर्ति विहार स्वर्ण महोत्सव २०७१" समापन समारोह क्षेत्रपाटी पार्टी पालेस, क्षेत्रपाटी सुसम्पन्न ।

४) धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष धर्मकीर्ति विहार प्रमुख श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँया ८२ औं जन्मदींया लसताय् धर्मकीर्ति विहारया धम्म हलय् २०७२ श्रावण १० गते आइतवार निसें श्रावण्त १७ गते आइतवार तक्क भिक्षु महासंघ पाखें अभिधर्म पाठ व धर्म देशना, महायानी लामाजु व बज्रयानी गुरुजुपिं पाखें शान्ति पाठ ।

२०७२ श्रावण १५ गते गुरुपुन्हि, श्रद्धेय धम्मवती गुरुमाँया जन्मदिनया हे दिनय् संघिय मामिला तथा स्थानिय बिकाश मन्त्री एवं उपप्रधान मन्त्री प्रकाश मानसिंहज्यू विहारे झायाः गुरुमांयात खादा लःल्हानाः भिन्तुना देछा ।

५) २०७२ भाद्र २ गते बुधवार किण्डोल स्थित धर्मकीर्ति स्वास्थ्य केन्द्रया लागि पहिलो धलान सम्पन्न जुल ।

६) २०७२ भाद्र ५ गते शनिवार धर्मकीर्ति विहारे भारतीय महामहीम राजदूत रञ्जित राय पाखें "बौद्ध दर्शन र द्वन्द ब्यबस्थापन" विषयलय् प्रवचन ।

७) रिया फिल्मस् पाखें निर्मित श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँया जीवनया लिधँसाय् दयकूगु "धम्मवती" नांया सँकिपा २०७२ साल भाद्र ३० गते बुधवार बिश्वज्योति सिनेमा हल, जमल, यैं प्रथम पटक प्रदर्शन ।

८) २०७२ साल आश्विन ३० गते शनिवार धर्मकीर्ति विहारया धम्म हलय् धर्मकीर्ति विहार संरक्षण कोषया बाह्रौं बार्षिक साधारण सभा सुसम्पन्न । उगु साधारण सभाय् धर्मकीर्ति विहार संरक्षण कोषया बिधान २०५८ संसोधनया लागि सर्वसम्मतिं पारित ।

९) २०७२ साल कार्तिक ९ गते सोमवार



Downloaded from http://www.dhamma.digital

बंगलादेशया ढाका शहरे "International Conference on Developing Sustainable And Inclusive Buddhist Heritage And Pilgrimage Circuits in South Asia's Buddhist Heartland" बिषयक (27th Oct. 2015 – 28th Oct. 2015) जूगु Seminar कार्यक्रमय् धर्मकीर्ति विहार संरक्षण कोषया कोषाध्यक्ष अजय रत्न स्थापितज्यू व सदस्य नविन चित्रकारजुपिं सहभागी ।

१०) २०७२ साल मंसिर १२ गते शनिवार धर्मकीर्ति विहार संरक्षण कोषया ग्वसालय् विहारया धम्म हलय् न्हिनसिया २:०० बजे बंगला देशया महामहीम राजदूत Mrs. Mashfee Bintee Shams ज्यू पाखेँ "Buddhism In Banglades" विषयक प्रवचन गोष्ठी सुसम्पन्न । उगु कार्यक्रमय् लसकुस न्वचु कोषया उपाध्यक्ष्य श्री द्रव्य मानसिं तुलाधर जुं बियादीगु खःसा कोषया कार्यकारीणी सदस्य श्री मदन रत्न मानन्धरं सुभाय् देछानादीगु खः । कोषया सचिव प्रफुल्ल कमल ताम्राकारं न्ह्याकादीगु उगु ज्याभ्वःया सभापति श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां पाखेँ आशिर्वचन व्यक्त याना बिज्यागु जुल । जलपानया व्यबस्था कोषंहे याःगु जुल ।

११) २०७२ साल पौष १३ गते मंगलवार सुथसिया १०:०० बजे धर्मकीर्ति विहारे बंगलादेशं चीट गाउँ फोटो जर्नालिस्ट एसोसियशन पाखेँ झाया दीपिं १२ जना फोटो पत्रकारज्यूपिंत स्वागत कार्यक्रम सम्पन्न जुल । उगु ज्याभ्वःस श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँ पाखेँ आशिर्वचन व्यक्त याना बिज्यात ।

१२) २०७२ साल पौष १ गते बुधवार (16th Dec. 2015) बंगलादेशया Victory Day या उपलक्षे राष्ट्रिय सभा गृह, भृकुटी मण्डपय् सम्पन्न जूगु सांस्कृतिक कार्यक्रमय् बंगलादेशया राजदूतावास पाखेँ प्राप्त निमन्त्रणाय् कोषया पदाधिकारीपिं सहभागी जूगु जुल ।

१३) २०७२ साल पौष १८ गते शनिवार अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँया सभापतित्वय् नेपालया लागि श्रीलंकाया राजदूतया मू पहाँ सुइ दि. बौद्ध विद्वान प्रकाश बज्राचार्य च्वयादीगु "The Life of Tathagat" पुस्तक उप-संघनायक भिक्षु ज्ञानपूर्णिक, भिक्षुणी धम्मवती तथा श्रीलंकन राजदूत पाखें सामूहिक रुपं सफू बिमोचन ।

१४) २०७२ साल माघ २ गते शनिवार निसें माघ १४ गते तक्क बंगलादेशया धार्मिक भ्रमण सुसम्पन । उगु Bangladesh Tour Group य् ४ जना धर्मकीर्ति विहारया गुरूमांपि व ८ म्ह सदस्यपीं नापं जम्मा १२ जना सहभागी जूगु जुल । Bangladesh Tour Group या नेतृत्व कोषया कोषाध्यक्ष अजय रत्न स्थापितजुं याना दीगु जुल ।

१५) २०७२ साल माघ १२ गते (26th Feb. 2016) क्षेत्र नं. ८ या सांसद राज्यलक्ष्मी श्रेष्ठ पाखें अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमां यात विहारया लागि F.M. Sound System सश्रद्धा दान ।

१६) २०७२ साल माघ १८ गते सोमवार धर्मकीर्ति विहारया धम्म हल्य "नेपालय् दो गुणवती गुरूमां" नांयागु सफू कोषया अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमां पाखेँ विमोचन । उगु सफू धर्मकीर्ति विहारया स्वर्ण महोत्सवया उपलक्षय् प्रकाशित डा. रीना तुलाधर व लोचन तारा तुलाधर पाखेँ सम्पादन जूगु खः ।

१७) २०७२ साल फागुण १० गते सोमबार सि पुन्ही खुन्हु बुद्ध पुजाय् धर्मकीर्ति विहारया धम्महलय् नेपालया लागि श्रीलंकाया महामहीम राजदूत W.M. Senevirathna ज्यू या कार्यकाल क्वचागु व वयकलं बुद्ध धर्मया लागि यानादीगु अमूल्यगु योगदानयात कदरयासे धर्मकीर्ति विहार संरक्षण कोषपाखें वयकःयात अध्यक्ष भिक्षुणी धम्मवती गुरूमांया ल्हातं प्रशंसा पत्र लल्हाना बिज्यागु जुल ।

श्रद्धेय भिक्षुणी धम्मवती गुरूमांया सभापतित्वय् न्हयागु उगु ज्याभ्वः सचिव प्रफुल्ल कमलं लसकुस न्वचु व सदस्य मदन रत्न मानन्धरजुं सुभाय् देछानादीगु खः

१८) २०७२ साल फागुण १६ गते आइतबार श्रद्धाचारी गुरूमां पाखें चःमति स्थित का.म.न.पा. १५ कित्ता नं. ९९ क्षेत्रफल ८७.८२ वर्ग मिटरया जग्गा धर्मकीर्ति विहार संरक्षण कोषया नामय् पास यानाविज्यागु कागजात, लालपूर्जा व नक्सा कोषया अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमांयात लः ल्हागु जुल ।

१९) २०७२ साल फागुण २१ गते शुक्रवार धर्मकीर्ति विहार संरक्षण कोषया ग्वसालय् नेपालया लागि युनेस्कोया प्रतिनिधि श्री Christian Manhart पाखेँ "Conservation of Buddhist Cultural Heritage- Case study Lumbini, Tilaurakot and Bamyion" विषयक प्रवचन गोष्ठी सम्पन्न ।



Downloaded from http://www.dhamma.digital

कोषया अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमांया सभापतित्वय् लुम्बिनी विकाश कोषया उपाध्यक्ष भिक्षु निग्रोधस्थवीरया मू पाहाँ सुई संचालित कार्यक्रम कोषया कोषाध्यक्ष श्री अजय रत्न स्थापितजुं न्ह्याकादीगु खःसा कोषया सचिव प्रफुल्ल कमल ताम्राकार धन्यवाद ज्ञापन यानादीगु खः । प्रवचक Christian Manhart यात कोषया उपाध्यक्ष भिक्षुणी धम्मदिन्ना गुरूमांनं लुमन्ति चिं, धर्मकीर्ति लोगो, लल्हाना बिज्यागु जुल ।

२०) २०७२ साल चैत्र २७ गते शनिवार धर्मकीर्ति विहार संरक्षण कोषया ग्वसालय् काठमाडौं महानगर पालिका वडा नं. १५ स्थित चःमतिस श्रद्धाकीर्ति विहार निर्माणया लागि कोषया अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमां पाखें "श्रद्धाकीर्ति विहार" या शिलान्यास सुसम्पन्न ।

हाल श्रद्धाचारी गुरूमांया नामं झीसं म्हस्यूम्ह गुरूमां गृहस्थ नां तिमीला रंजितया नामं दुगु जग्गा धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति विहार अन्तरगत श्रद्धाकीर्ति विहार निर्माणया लँपुइ न्ह्याना च्वंगु जुल ।

थुगु ज्याभ्वः कोषया सचिव प्रफुल्ल कमल ताम्राकारं न्ह्याकूगु खःसा लसकुस न्वचु कोषाध्यक्ष श्री अजय रत्न स्थापितजु बियादीगु खः ।

२१) २०७३ साल जेष्ठ २९ गते शनिवार सुलक्षणकीर्ति विहार, चोभारस बधाई तथा अभिनन्दन समारोह जूगु जुल । भिक्षुणी धम्मवती गुरूमांया शिष्य एवं सुलक्षणकीर्ति विहारया प्रमुख भिक्षुणी डा. अनोजायात स्यानमार सरकार पाखें राष्ट्रिय सम्मान – २०१६ या रूपय् "महासद्धम्म ज्योतिक धज" पदवी विभूषित यागु लसताय् सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारीज्यू पाखें बधाई तथा अभिनन्दन पत्र लःल्हाय्गु ज्या भ्वःस धर्मकीर्ति विहार संरक्षण कोष पाखें कोषया उपाध्यक्ष श्री द्रव्यमान सिंह तुलाधरजुं भिक्षुणी डा. अनोजा गुरूमांयात सम्मान पत्र लःल्हाना दीगु जुल । उगु ज्याभ्वः कोषया सचिव प्रफुल्ल कमल ताम्राकारं न्ह्याकादीगु खः ।

२२) २०७३ साल असार ८ गते बुधवार धर्मकीर्ति विहारस तत्कालीन प्रधान मन्त्री के.पी. ओलीजुया तीरिमय्जु श्रीमती राधिका शाक्यजु यात अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवती गुरूमां अले मेपीं गुरूमांपिं व धर्मकीर्ति विहार संरक्षण कोषया पदाधिकारीज्यू पिसं स्वागत याःगु जुल ।

थुगु हे दिनस न्हिनसिया ३:३० बजे बंगलादेशया शिल्पकला एकेदेमीया डाइरेक्टर जनरल डा. लियाकत अलि लक्कीजुयात नं धर्मकीर्ति विहारस स्वागत ।

२३) २०७३ साल असार ११ गते शनिवार अखिल नेपाल भिक्षु महासंघपाखें न्ह्याःकावयाच्वंगु नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रया तर्फ बुद्ध संवत २५५९, वि.सं. २०७२ सालया परीक्षाय् उतिर्ण जुयादीपिं बिद्यार्थी पिन्त धर्मकीर्ति विहार परियत्ति शिक्षा केन्द्र पाखें पुरस्कार वितरण समारोह सुसम्पन्न जूगु जुल । धर्मकीर्ति परियत्ति केन्द्र पाखें ग्वसाःग्वःगु उक्त ज्याझ्रेया मू पाहाँ नेपाल बौद्ध परियत्ति शिक्षाया केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थवीरजु खःसा भिक्षुणी धम्मवती गुरूमांया सभापतित्वय् थ्व ज्याभ्वः न्ह्यागु जुल ।

२४) Bangladesh Tourism Board यागु ग्वसालय् जूगु Bangladesh Tour Operator Conference 18 june 2016) असार १४ गते मंगलवार तक्क बंगलादेशया बिभिन्न शहरे सुसम्पन्न जूगु कार्यक्रमय् केशावती गुरूमां व कोषया सदस्य उद्योग रत्न तुलाधर सहभागी जूगु जुल ।

२५) २०७३ साल असार २८ गते मंगलवार वंजला मोस्कामा रेष्टुराँ, नक्सालय् भिक्षुणी धम्मवती या जीवनी "स्नेही छोरी" या अंग्रेजी भाषं हीकाः "Beloved Daughter" या नामं Rances Klatzel लं Mera Publication पाखें प्रकाशन यागु सफू श्रद्धेय भिक्षुणी धम्मवती गुरूमां पाखें उलेज्या जूगु जुल ।

२६) धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष धर्मकीर्ति विहारया प्रमुख शासनधज धम्माचरिय अग्गमहागन्थ वाचक पण्डित श्रद्धेय भिक्षुणी धम्मवती गुरूमांया ८३ औं जन्मदिंया लसताय् धर्मकीर्ति विहारया धम्महलय् २०७३ असार ३० गते बिहिवार निसें एक हप्तातक भिक्षु महासंघ पाखें अभिधर्म पाठ, लामा गुरुपिं पाखें शान्ति पाठ व बज्रयानी गुरूजुपिं पाखें पाठ याय्गु ज्याभ्वः झःझः धाय्क क्वचाःगु जुल ।

थुगु अभिधर्म पाठ निरन्तर रूपं न्हयाकायंकेगु लागि भिक्षुणी धम्मवती गुरूमां पाखें धर्मकीर्ति विहार संरक्षण कोषय् रू. ५,२५,०००/ (पाँच लाख पच्चिस हजार रूपैंया) नगदया कोष नीस्वनातया बिज्याःगु जुल ।

२०७३ असार ३० गते बिहिवार धर्मकीर्ति विहार संरक्षण कोषया ग्वसालय् तत्कालिन प्रधानमन्त्री के.पी.



Downloaded from http://www.dhamma.digital

शर्मा ओली व संस्कृति मन्त्री आनन्द प्रसाद पोखरेलजुं सम्मान पत्र ल:ल्हाय्गु ज्या भ्वः न्ह्याकूगु जुल । प्रधानमन्त्री ओलीयागु अध्यक्षताय् २५६० औं बुद्ध जयन्ती व अर्न्तराष्ट्रिय बौद्ध सम्मेलन सफलतापूर्वक क्वचाःगु लसताय् ग्वसाः गोगु थुगु सम्मान कार्यक्रमय् प्रधानमन्त्री के.पी. ओलीजुं व संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री आनन्द प्रसाद पोखरेलजुं धम्मवती गुरूमांयात भिं उसाँय् व ताः आयु या कामना यासे दान प्रदान यानादीगु जुल ।

थुगु ज्याभ्वःलय् उपाध्यक्ष भिक्षुणी धम्मदिना गुरूमां नं लसकुस न्वचु बियादीगु जुल । अथेहे सचिव प्रफुल्ल कमल ताम्राकार पाखें सुभाय् देछाना दीगु खः । पूर्व सचिव कीर्ति तुलाधरं ज्याभ्व न्हयाकादीगु खः ।

२७) धर्मकीर्ति विहार संरक्षण कोषया मताधिकार प्राप्त संख्या ४८ खः उकी मध्ये दोहरे जूपिं दिवंगत जूपिं संख्या घटेयाय् बले जम्मा ३८ जना सदस्यपिं दुगु जुल ।

२८) धर्मकीर्ति विहार संरक्षण कोषया बिशेष सदस्य (रू. १०,०००/) जम्मा २६ जना मध्ये दिवंगत जूपिं जम्मा ५ जना । उकीं हाल विशेष सदस्यपिं जम्मा २१ जना व आजीवन सदस्य ५७१ जना मध्ये दिवंगत ३२ जना जूगुलिं आः जम्मा आजीवन सदस्य ५३९ यानाः २०७३ साल असार मसान्त तक्कया सदस्यपिं ५९७ जना मध्ये दिवंगत ३७ जना याना मुक्कं ५६० जना दुगु जुल ।

२९) २०७३ बैशाख १० गते प्राप्त पत्र अनुसार तत्कालीन सम्माननिय प्रधानमन्त्री व लुम्बिनी बौद्ध बिश्व बिद्यालयया कूलपतिज्यू पाखें अर्न्तराष्ट्रिय भिक्षुणी संघ नेपाल अले धर्मकीर्ति विहार संरक्षण कोषया अध्यक्ष श्रद्धेय धम्मवती गुरूमांयात लुम्बिनी बौद्ध बिश्व बिद्यालय सभाया सदस्य पदय् मनोनित याना दीगु जुल । वसपोलं थुगु सभास खाडां कोखाय्काः आपालं भिन्तुना व साधुवाद देछागु जुल ।

३०) २०७२ सालय् धर्मकीर्ति विहार संरक्षण कोषया सदस्य मदनरत्न मानन्धर जु धम्म बिजय पदनमय गणविहार पाखें सम्मानित जुयादीगुलीं थुगु सभाय् वयकः यात खाडां कोखाय्काः भिन्तुना देछागु जुल ।

३१) २०७२ भाद्र महिनाय् “माँ काय् पुचः यल” या ग्वसालय् जूगु धर्मादित्य धर्माचार्य सिरपा” देछा व हना ज्याभ्वः कोषया सदस्य नविन चित्रकारजुं “धर्मादित्य धर्माचार्य हना” पाखें सम्मानित जुयादीगुलीं वयकःयात थ्व सभास खाडां कोखाय्काः भिन्तुना देछागु जुल ।

३२) २०७३ भाद्र २३ गते विहीवार शिक्षा दिवसया दिंनय् धर्मकीर्ति विहार संरक्षण कोषया पूर्व कोषाध्यक्ष डा. रीना तुलाधर “सद्धम कोविद” नेपाल बिद्या भूषण Class A उपाधि सम्मानित जुयादीगुलीं वयकःयात थुगु सभाय् खाडां कोखायकाः भिन्तुना देछागु जुल ।

धर्मकीर्ति विहार संरक्षण कोषया कार्यकारीणी समिति २०७३ सालय् निदँया कार्यकाल क्वचाःगु जुल अध्यक्ष श्रद्धेय धम्मवती गुरूमांया आज्ञा कथं थ्व हे ज्या सना पुचः पाखें मेगु निदँया कार्यकाल न्ह्याकायंकेगु प्रस्ताव थुगु साधारण सभां पारीत जूगु जुल ।

कार्यकारीणी सदस्यपिं निम्ह थप याय्गु ब्यवस्था कथं धर्मकीर्ति विहारया आवासिया गुरूमांपिं -दानवती गुरूमां व खेमावती गुरूमां पिनिगु नां प्रस्ताव जूगु साधारण सभा पाखें पारीत जूगु जुल ।

# शस्त्र परित्याग दिवस

*२०७३ आश्विन २५ गते*

*स्थान- चारूमति विहार, चाबहिल ।*

सम्राट अशोकले शस्त्र परित्याग गरी चन्दालशोकबाट धर्माशोक हुनुभएको दिनलाई सम्झी यस दिन हरेक वर्ष शस्त्र परित्याग दिवस मनाउँदै आइरहेका छ । यसपाली थेरवाद बौद्ध दायक केन्द्रिय परिषदले २३ औं शस्त्र परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ ।

परिषदका अध्यक्ष बखत बहादुर चित्रकारको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा सचिव श्री विष्णु शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने उपाध्यक्ष कृष्ण कुमार प्रजापतिले दशैंमा हुने पशुवलि जस्तो कुप्रथाले पारेको नराम्रो प्रभाव वारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा पशुपति विकास कोषका सदस्य सचिव तथा सभाका विशेष अतिथि डा. गोविन्द टण्डन, नेपाल बौद्ध संघका भिक्षु आफुरी

*(बाँकी २५ पेजमा)*



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — **समाचार**

## फोक्वान्सान विहारको (५० औं वार्षिक) स्वर्ण महोत्सव



*गुरू सिनयुनका साथ उहाँका नेपाली शिष्यहरू*

ताइवान स्थित फोक्वान्सान विहार ५० वर्ष पुगेको उपलक्ष्यमा र उक्त विहारका प्रमुख चिनीया गुरू श्रेद्धेय सिङ्गयुन (Master Hsing Yun) को ९० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा संचालित कार्यक्रममा नेपालबाट गुरूका नेपाली शिष्यहरू पूज्य (भिक्षुणी गुरूमांहरू) लगायत एक उपासिका समेत गरी जम्मा ६ जना सहभागी हुनुभएका थिए ।

सन् २०१६ अगष्ट देखि सेप्टेम्वर ९ सम्म सञ्चालित उक्त कार्यक्रममा हङ्गकङ्ग, चीन कोरिया, मलेशिया, सिंगापुर, इण्डोनेसिया, बेलायत, अफ्रिका, अमेरिका, फिलिपिन्स, भियतनाम, श्रीलंका, भारत, अष्ट्रेलिया, नेपाल र ताइवान आदि देशहरूबाट हजारौं धर्मावलम्वीहरूले भाग लिएका थिए ।

संघदान, विचार गोष्ठी र फोक्वान्सान विहारद्वारा निर्मित शाखा विहारहरूको भ्रमण आदी कार्यक्रमहरू पश्चात् नेपालबाट सहभागी विद्यार्थीहरू तर्फबाट भिक्षुणी धम्मवती गुरूमांले पनि गुरू सिनयुनलाई बुद्ध मूर्ति उपहार चढाइएको थियो भने सहभागी नेपाली विद्यार्थीहरूले पनि गुरूलाई बुद्ध मूर्ति उपहार चढाइएको थियो ।

---

*शस्त्र परित्याग दिवसको बाँकी अंश ...*

शेर्पा, आदिले पशुबलिको नराम्रो पक्षबारे मन्तव्य व्यक्त गर्नु भएको थियो ।

सभाका प्रमुख अतिथी भिक्षु प्रज्ञासारले चन्दाल अशोकले संसारलाई अधिनमा पार्ने लोभले धेरै नै मानिसहरूको हत्या गरे । यस कुकर्मको कारणले उसको मनमा शान्तिले ठाउँ लिन सकेन । मनमा कुरा खेली पश्चातापको आगोले पोलेका कारणले दिक्दारीमा परेका उनले वाटोमा आइरहनुभएको एक शान्त, सुसंयमी भिक्षुलाई देखी प्रभावित भए । उक्त भिक्षुलाई दरवार भित्र बोलाई उनले उहाँबाट बुद्ध शिक्षा सम्वन्धी अमूल्य ज्ञान प्राप्त गरी आफू गलत वाटोमा लागेको महसूस गरी आत्मालोचना गर्न थाले । फलस्वरूप आफ्नो हिंस्रक बानी त्यागी शस्त्र परित्याग गरेको थियो । यही महत्त्वपूर्ण दिनलाई स्मरण गरी शस्त्र परित्याग दिवस मनाउनुको महत्त्व दर्शाउनु हुँदै उहाँले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सभापतिको आसनबाट बखत वहादुर चित्रकारले दशैंमा गरिने काटमार कार्यको लागि सरकारी मातहतबाट नै पहल गर्नुपर्ने विषयमा जोड दिनुहुंदै सभा विसर्जन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# दीना कंसाकार सम्मानित



*सम्मानपत्र ग्रहण पश्चात् दीना कंसाकार*

२०७३ आश्विन २२ गते। क्षेत्रपाटी पार्टी पालेस धर्मकीर्ति विहार अध्यन गोष्ठीकी कार्यकारिणी सदस्य श्रीमती दीना कंसाकारबाट बुद्ध शिक्षा प्रचार कार्यमा योगदान दिए वापत नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधान मन्त्री शेरवहादुर देउवा र पूर्व उप प्रधान मन्त्री एवं नेपाली कांग्रेस कार्य समितीका सदस्य प्रकाश मान सिंह द्वारा सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको समाचार प्राप्त भएको छ। स्मरणिय छ उक्त कार्यक्रम हाम्रो मित्र युवा समाजले आयोजना गरिएको थियो।

# २२७८ औं शस्त्र परित्याग दिवस

*२०७३ आश्विन २५*
*स्थान- नगदेश बुद्धविहार।*

सम्राट अशोकले शस्त्र परित्याग गरी निःशस्त्रीकरण अभियानको सूत्राधार बन्नु भएको संस्मरणमा महान विजया दशमीको दिन २२७८ औं शास्त्र परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ।

भिक्षुणी केशावतीको प्रमुख अतिथित्त्वमा एवं समूहका अध्यक्ष दीपकराज सांपालज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा समूहका कोषाध्यक्ष रत्न भक्त हाँय्जुले स्वागत मन्तव्य दिनु भएको थियो भने समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले सम्राट अशोकको जीवनी र बुद्ध शासनिक कार्यमा उहाँको योगदान बारे चर्चा गर्नुभएको थियो।

सो समारोहमा समूहका सदस्य बाबुराम दुवाल, गणेशहरी प्रजापति र ल्यायम्ह पुचःका अध्यक्ष शिव भक्त मेजु र कृष्ण भक्त हाँय्जुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै प्रमुख अतिथि भिक्षुणी केशावतीले विजया दशमीको उपलक्ष्यमा सबैको मंगल एवं आयु आरोग्य र सुस्वास्थ्यको कामना गर्नु भएको थियो।

अन्त्यमा अध्यक्ष दीपकराज साँपालज्यूले आफ्नो मन्तव्यका साथ सभा विसर्जन गर्नुभएको थियो।

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

भगवान् बुद्ध खेमा महारानीलाई धर्मदेशना गर्नुहुँदै

वर्ष–३४; अङ्क–७

बु.सं. २५६०, सकिमना पुन्हि

Downloaded from http://www.dhamma.digital

## आवरण चित्र परिचय

# रुप गर्विता खेमा

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद-* **वीर्यवती**

सागल देशकी राजकुमारी खेमा अपूर्व सुन्दरी थिइन्। मगध सम्राट बिम्बिसारका साथ उनको विवाह भइसकेपछि उनीलाई अग्र राजमहिषी पद प्राप्त भयो। आफ्नो सुन्दर रुप प्रति उनी ज्यादै गर्व गर्थिन्। त्यसकारण उनी भगवान् बुद्धको सम्पर्कमा आउन हिचकिचाउँथिन्। किनभने भगवान् बुद्धले रुपलाई महत्त्व दिनु हुन्नथ्यो।

बिम्बिसारलाई भगवान् बुद्धले सिकाउनु भएको विपश्यना विद्याबाट अपूर्व शान्ति प्राप्त भएको थियो। त्यसकारण उनले आफ्नी अग्र महारानी खेमा सहित उनका सबै प्रिय परिवारलाई पनि यस शान्ति प्राप्त हुने विद्या सिकाउन चाहन्थ्यो। तर उनले खेमा महारानीलाई भगवान् बुद्ध प्रति कति पनि श्रद्धा नभएको कुरा थाहा थियो।

त्यसकारण बिम्बिसारले यस समस्या समाधानका लागि एक उपाय सोच्यो। खेमा गीत सुन्न (गायन विद्या) अति मन पराउँथिन्। त्यसैले बिम्बिसारले वेणुवनको रमणिय वातावरण विषयमा वर्णन गरी एक गीत रचायो। उक्त गीत रानी खेमालाई सुनाउनको लागि एक कुशल गायकलाई उनी समक्ष पठायो।

वेणुवन नन्दवन जस्तै सुन्दर र रमणिय रहेको वर्णन गीतको माध्यमबाट थाहा पाएकी रानी खेमाको मनमा वेणुवन घुम्न जाने इच्छा जाग्यो। रानी खेमाको यस इच्छा परिपूर्ति गर्ने सिलसिलामा राजा बिम्बिसारले भगवान् बुद्ध भिक्षाटनको लागि बाहिर जानुहुने समयमा नै सेवक सेविकाहरूका साथ खेमा महारानीलाई वेणुवन घुम्न जाने प्रबन्ध मिलाइदियो।

खेमा वेलुवन पुगिन्। त्यहाँको रमणिय वातावरणले उनी अत्यन्त प्रभावित भइन्। उद्यानमा घुम्दा घुम्दै धेरै समय बित्यो। त्यसबेला सम्ममा भगवान् बुद्ध भिक्षुसंघका साथ भिक्षाटनबाट फर्किनुभयो। खेमा महारानी पनि बन घुम्दा घुम्दै भगवान् बुद्ध जुन रुख मुनि बसिरहनु भएको थियो, त्यहिं पुगिन्। यसरी खेमा महारानीले जुन व्यक्तिसंग भेट्न चाहंदैन थिइन्, त्यही व्यक्तिको सामना भयो। भगवान् बुद्धले खेमा महारानीलाई हेर्नुभयो। उहाँको आँखामा असीम करुणा थियो। तर खेमाले त सधैंभरी उनीप्रति हेर्ने व्यक्तिहरूको वासनायुक्त आँखा मात्र देखिरहेकी थिइन्। भगवान् बुद्धको नजरमा बासनाको नामोनिशान थिएन। उनीलाई भगवान बुद्धको यस व्यवहार मन परेन । किनभने भगवान् बुद्धले उनीलाई एक पटक मात्र हेरेर उपेक्षा भाव राखी आँखा फेर्नुभयो। उनीले यसलाई सहन सकिनन्। किनभने अन्य मानिसहरू त उनीलाई एकपटक देख्ने वित्तिकै उनको सुन्दर रुप देखी मोहित भएर एकटक लगाई हेरेको हैज्यै गर्थे।

भगवान् बुद्धले खेमा महारानीलाई सरल एवं बुझिने तरिकाले धर्म विषयमा सम्झाउनु भयो। महाकारुणिक भगवान् बुद्धले त्यस समय धर्ममय ऋद्धिबल प्रयोग गर्नुभयो। फलस्वरुप खेमाले भगवान् बुद्ध समक्ष एक अत्यन्त रुपवती देवांगणा देखिन्। त्यस रुपवती सुन्दरीले भगवान् बुद्धलाई पंखा हम्काइरहेकी थिइन्। आफू भन्दा कयौं गुणा सुन्दरी उक्त रुपवती देखेर रानी खेमा आश्चर्य चकित भइन्। उनीले विचार गरिन् "भगवान् बुद्धको लागि यस्ता रुपवान् अप्सराहरूले सेवा गर्दा रहेछन् अनि उहाँले मलाई किन हेर्नुहुन्थ्यो र ?"

यति विचार गर्दै उक्त रुपवतीलाई ध्यान दिएर हेरिरहेकी रानी खेमाले उक्त नवयौवना विस्तार विस्तारै अधवैंसे हुँदै गएको देखिन्। त्यसपछि उनी वृद्धा भइन्। उनको चम्किलो अनुहार विवर्ण र विकृत हुँदै गयो। शरीरका सबै भाग चाउरिंदै गए। शरीर भरि हाड र छाला मात्र बाँकी रह्यो। हाड र छाला मात्र भएको शरीर पनि कमर झुक्दै गई आखिर जमीनमा ढल्यो। त्यसपछि उनको श्वास पनि बन्द भयो। यसरी उनी त्यहीं मरिन्।

"अंहो ! यस्तो सुन्दर रुपको यो अन्तिम परिणति ? के मेरो रुप लावण्य पनि यसरी नै जर्जरित र निष्प्राण हुनेछ त ? साँच्चै यस्तै त हुने होला नि।"

यसरी नै खेमाको मनमा धर्मसंगेव उत्पन्न भयो। (यसरी प्रकृतिको यथार्थ स्वभावलाई ध्यान दिंदा दिंदै) खेमा महारानीले पहिला पहिलाको अनेक जन्म देखि संचय गरिराखेको पुण्य पारमिताहरूको धर्मबल प्राप्त गरिन्। त्यही समय भगवान् बुद्धले करुणाले भरिएको वाणीले प्रज्ञा जगाउने ज्ञान दिनुभयो। खेमा महारानीले जब भगवान् बुद्धबाट यस अमृत वाणी सुन्ने मौका प्राप्त गरिन्, तब उनको मनले विपश्यना बारे ज्ञान प्राप्त गरिन्। प्रज्ञा जाग्न थाल्यो। फलस्वरुप निर्वाणिक निरोध अवस्था साक्षात्कार गरी उनी स्रोतापन्न भईन्। यसरी रानी खेमा धन्य भइन्। त्यसपछि रानी खेमा प्रव्रजित भइन्। उनी अरहन्त नै भइन्। क्लेश रहित निक्लेषी खेमा लोकसेवा कार्यमा लागिन्। प्रज्ञा क्षेत्रमा उनी अति प्रखर भएर उत्रिइन्। उनी धर्म सिकाउने कार्यमा अत्यन्त प्रभावशाली भइन्। त्यसैले भगवान् बुद्धले उनीलाई "प्रज्ञामा अग्र" भनी उपाधि प्रदान गर्नुभयो।

Downloaded from http://www.dhamma.digital